का.जि.प्र.का.द.नं. १००/०५९/६०

२४ असोज २०८३

शनिबार

10 October 2026

Saturday

नेपाल संवत् ११४६

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २६१। पृष्ठ ६ | Madhyanha National Daily | www.madhyanhadaily.com



कभर स्टोरी

# खुलामञ्च
## लोकतन्त्रको साक्षी

खुलामञ्चको राजनीतिक महत्त्व २०३६/३७ सालको जनमतसंग्रहदेखि बढ्दै गयो । त्यसपछि २०४२ को सत्याग्रह, २०४६ को जनआन्दोलन र २०६२/६३ को जनआन्दोलनका महत्त्वपूर्ण सभा यहीँ भए । खुलामञ्च नेपाली राजनीतिक आन्दोलन र नागरिक आवाजको ऐतिहासिक केन्द्रका रूपमा स्थापित भयो ।

■ **भावना पाठक/ मध्यान्ह**

काठमाडौंको बीच भागमा रहेको एउटा चौरलाई सामान्य अर्थमा 'खुलामञ्च' भन्न सकिन्छ । तर नेपाली राजनीतिक इतिहासमा यसको अर्थ एउटा चौरभन्दा धेरै ठुलो छ। यो त्यस्तो सार्वजनिक ठाउँ हो, जहाँ राजनीतिक आकांक्षा, असहमति, आन्दोलन र उत्सवहरू एकपछि अर्को गर्दै अभिव्यक्त भएका छन् ।

पञ्चायतविरुद्धका आवाजदेखि बहुदलीय व्यवस्थाको पक्षमा यही सभा भए । २०४६ सालको राजनीतिक परिवर्तनपछि भएको विजयसभा होस् २०६२/६३ को जनआन्दोलनपछि मनाइएको लोकतन्त्रको उत्सव । गणतन्त्र स्थापनापछिका विभिन्न राजनीतिक तथा नागरिक अभियानसम्म खुलामञ्च नेपाली सार्वजनिक जीवनको साक्षी रह्यो । यहाँ सत्तापक्षले पनि बोलेको छ, विपक्षीले पनि ।

राजनीतिक दलहरूले आफ्ना मुद्दा राखेका छन्, नागरिकहरूले आफ्ना माग सुनाएका छन् । खुलामञ्चको इतिहास राजनीतिक दलहरूको मात्र इतिहास होइन, सार्वजनिक रूपमा आफ्नो आवाज राख्न खोज्ने नागरिकहरूको इतिहास पनि हो ।

तर लोकतन्त्रका लागि आवाज उठाउने यही सार्वजनिक ठाउँ २०७२ सालको भूकम्पको चपेटामा पर्‍यो । भूकम्पपछि सुरु भएको पुनर्निर्माणका काम, वीर अस्पताल र दरबार हाईस्कुलका निर्माण सामग्री, अस्थायी बसपार्क, व्यापारिक सटर निर्माणको विवाद, पार्किङको प्रस्ताव र विभिन्न संरचनात्मक योजनाको चपेटामा पर्दै खुलामञ्च लामो समय सर्वसाधारणका लागि बन्दजस्तै रह्यो । एक समय जहाँ हजारौं मानिस जम्मा भएर राज्यसँग प्रश्न गर्थे, त्यही ठाउँमा बसका लाइन लागे, निर्माण सामग्री थुप्रिए ।

खुलामञ्चलाई फेरि खुला गराउन नागरिक र सम्पदा अभियन्ताहरूले आन्दोलन नै गर्नुपर्‍यो । 'खुलामञ्च खुला गर' अभियानदेखि 'अकुपाई टुँडिखेल'सम्मका अभियानले सार्वजनिक ठाउँमाथिको अतिक्रमणविरुद्ध आवाज उठाए । मानवसाङ्लो बनाएर टुँडिखेल जोगाउने अभियान चलाइयो, व्यापारिक सटर हटाउन दबाब दिइयो र अस्थायी बसपार्क हटाउन माग गरियो ।

लामो समय सर्वसाधारणका लागि बन्दजस्तै रहेको खुलामञ्च १० माघ २०८२ मा काठमाडौं महानगरकी कार्यवाहक प्रमुख सुनिता डंगोलको निर्णयबाट पुनः खुला गरियो । खुलामञ्च पुनः खुला भएपछि पहिलो कार्यक्रम कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टीले गरेको थियो ।

पहिला-पहिला निःशुल्क प्रयोग हुँदै आएको खुलामञ्च अहिले सशुल्क बनाइएको छ । कुनै कार्यक्रम, सभा, सम्मेलन गर्न २५ हजार धरौटी राख्नुपर्ने व्यवस्था काठमाडौं महानगरले गरेको छ । धरौटी बाहेक एक दिनको १० हजार र आधा दिनको पाँच हजार रुपैयाँ शुल्क तिर्नुपर्ने हुन्छ । २०५४ सालको स्थानीय निर्वाचनबाट मेयरमा निर्वाचित केशव स्थापितको पहिलो कार्यकालमा खुलामञ्च महानगरपालिकाको मातहतमा आएको थियो ।

अहिले नेपाली कांग्रेसको १५औं महाधिवेशनको उद्घाटन यही खुलामञ्चमा भयो । महाधिवेशनको उद्घाटनका लागि कांग्रेसले खुलामञ्च रोजेपछि यो ठाउँ फेरि चर्चामा आयो । प्रधानमन्त्री बालेन्द्र शाहले सामाजिक सञ्जालमा खुलामञ्चबारे गरेको टिप्पणीले अझ चर्चा पायो । उनले खुलामञ्च राम्रो बनाइएको र नयाँ पार्टीले त्यहाँ कार्यक्रम गरेर सरकारको आलोचना गर्न पाएको आशयको टिप्पणी गरे । »» पृष्ठ २ मा

### टुँडिखेलको एउटा टुक्रा

आजको खुलामञ्चलाई बुझ्न टुँडिखेलको इतिहासतिर फर्किनुपर्छ । कुनै समय काठमाडौंको विशाल टुँडिखेल अहिलेको भन्दा धेरै ठुलो थियो । रानीपोखरीदेखि दक्षिणतर्फ फैलिएको यो खुला क्षेत्र सैनिक अभ्यास, सार्वजनिक समारोह, परेड र राज्यका महत्त्वपूर्ण गतिविधिको केन्द्र थियो । समयक्रममा सडक, रंगशाला, रत्नपार्क र अन्य संरचना थपिँदै जाँदा विशाल टुँडिखेल टुक्रिँदै गयो । त्यसै क्रममा यसको उत्तरी भाग अहिले हामीले चिन्ने खुलामञ्चका रूपमा विकसित भयो ।

खुलामञ्च कहिले औपचारिक रूपमा बन्यो भन्ने प्रश्नको उत्तरमा पूर्ण एकरूपता छैन। केही अध्ययनले राजा महेन्द्रको समयमा सन् १९७३ तिर खुला रंगमञ्चको स्वरूप विकसित भएको उल्लेख गर्छन् भने नेपाली स्रोतहरूमा वि.सं. २०३२ अर्थात् सन् १९७५/७६ तिर यहाँ मञ्चको संरचना बनेपछि यसले 'खुलामञ्च'को परिचय पाएको देखिन्छ। खुलामञ्चको राजनीतिक इतिहास पञ्चायतकालसँग जोडिन्छ। २०३६ »» पृष्ठ २ मा



२०३७ को जनमतसंग्रहदेखि २०४६ र २०६२/६३ को जनआन्दोलनसम्म खुलामञ्चमै महत्वपूर्ण सभा भएका थिए । तर पछिल्ला संरचनाले पुरानो स्वरूप प्रभावित भएको छ ।

■ **भीमसेनदास प्रधान**
**पूर्वमन्त्री**



अभियन्ताहरूले यसको ऐतिहासिक महत्व जोगाएका हुन् । त्यसैले खुलामञ्च कुनै एक व्यक्तिले बनाएको होइन, सामूहिक प्रयास र संघर्षको परिणाम हो ।

■ **हरिप्रभा खड्गी**
**पूर्वउपप्रमुख, काठमाडौं महानगर**

# छुट्टिए गगन-देउवा

विगतमा विभाजन र एकताबाट गुज्रिएको कांग्रेस यतिबेला फेरि विभाजनको औपचारिक तहमा पुगेको छ । पार्टी संस्थापन पक्षले १५औं महाधिवेशन गरेसँगै देउवापक्षले पनि समानान्तर महाधिवेशन गर्दै छ । यसले गगन थापा र शेरबहादुर देउवाको बाटो अलग-अलग भएको देखिन्छ ।



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २३ असोज

नेपाली कांग्रेसको १५औं महाधिवेशन उद्घाटन गर्दै असोज १८ मा सभापति गगन थापाले भनेका थिए, 'पूर्वसभापति शेरबहादुर देउवाका लागि कुर्सी खाली राखेका थियौं, तर उहाँ आउनुभएन ।' सभापति थापाले देउवालाई लिनका लागि पार्टीका नेताहरू पटकपटक गए पनि देउवा नआएको दाबी गरे ।

सभापति थापाले पार्टीको महाधिवेशन उद्घाटन गर्न पूर्वसभापति देउवालाई ल्याउन अन्तिमसम्म प्रयास गर्दै देउवा समूहका केन्द्रीय सदस्यलाई समायोजन गर्ने प्रतिबद्धता जनाएका थिए । थापाले मञ्चबाटै भने, 'तपाईंले गाउँगाउँ गएर भन्दिनुहोला कि शेरबहादुर देउवाका लागि कुर्सी खाली राखिएको थियो, उहाँ आउनुभएन ।'

पार्टीको संस्थापन पक्षले विधानअनुसार १५औं नियमित महाधिवेशन गर्दै गर्दा देउवा पक्ष समानान्तर महाधिवेशनको अभियानमा छ । योसँगै विगतमा विभाजन र एकताबाट गुज्रिएको कांग्रेस यतिबेला फेरि विभाजनको औपचारिक तहमा पुगेको हो । पार्टीलाई विभाजनबाट रोक्न महाधिवेशन उद्घाटन गरेर राजनीतिक जीवनको उत्तरार्धमा विश्राम लिने देशभरका कार्यकर्ताको अपेक्षालाई देउवाले उपेक्षा गरेको टिप्पणी भइरहेको छ । कांग्रेस संस्थापन र इतर समूह छुट्टाछुट्टै महाधिवेशनमा गएपछि पार्टी एक नरहेको स्पष्ट सन्देश गएको छ ।

यसअघि २०५९ असार ४ मा बानेश्वरमा आफूपक्षीय कार्यकर्ताको भेला बोलाएर नेपाली कांग्रेस (प्रजातान्त्रिक) गठनको घोषणा गरेका देउवामाथि दोस्रोपटक पार्टी विभाजन नरोकेको आरोप लागेको छ। लामो समयदेखि चल्दै आएको आन्तरिक विवाद पार्टीको विशेष महाधिवेशन हुँदै विभाजनउन्मुख भएको हो । देउवा समूहका नेताहरूले पार्टी विभाजन भइसकेको स्वीकार गरेका छन् । सो समूहका नेता डा.प्रकाशशरण महतले विशेष महाधिवेशनकै कारण पार्टी विभाजन भएको बताए । 'हामीले विशेष वैधानिकता नै नभएको विशेष महाधिवेशनलाई स्वीकार गरेका थिएनौं,' उनले मध्यान्हसँग भने, 'विशेष महाधिवेशन गरेर गगनजीहरूले पार्टी विभाजनको रेखा कोर्नुभयो । अहिले दुवैतर्फ महाधिवेशन भइरहेको अवस्थामा पार्टी एक हुने अवस्था रहेन ।'

संस्थापन पक्षले भने केही नेताहरू बाहिर रहेको तर्क गर्दै आएका छन् । कांग्रेस नेता देवराज चालिसेले पार्टीले उल्लासमय ढंगबाट देशभरका वडा, पालिका, प्रदेश हुँदै केन्द्रीय महाधिवेशन सम्पन्न भइसकेको र केही नेताहरू महाधिवेशनमा छुटेको बताए । देशभरका आठ लाखभन्दा बढी क्रियाशील »» पृष्ठ २ मा



विशेष महाधिवेशनमा नआएका ९५ प्रतिशत नेताहरू सहभागी भएर १५औं महाधिवेशन उत्साहपूर्णरुपमा सम्पन्न भइसकेको छ । कांग्रेस गुटरहित भएर नयाँ जागरणकासाथ जनतामाझ जान्छ ।

■ **देवराज चालिसे**
**नेता, नेपाली कांग्रेस**



अदालतले हाम्रो पक्षमा निर्णय गर्‍यो भने सबैलाई मिलाएर लान्छौं, अर्को पक्षलाई दियो भने उहाँहरुको भूमिका हेरेर अघि बढ्छौं । दुवैतर्फ महाधिवेशन भइरहेकाले पार्टी एक रहेको भन्न मिल्दैन ।

■ **एनपी साउद**
**नेता, देउवा समुह**

# सुन तस्करीमा चिनियाँ 'कनेक्सन'

चीनको ग्वाङ्झाउमा बस्ने झेन जिया लेले विच्याटमार्फत नेपालमा रहेका आफ्ना समूहका चिनियाँ नागरिकलाई सुन प्रशोधन गर्ने, तयार पार्ने र तोकिएको ठाउँमा पुर्‍याउन लगाएको खुलेको छ ।

■ **४ महिनाको अग्रिम घरभाडा तिरेको घरमा हुन्थ्यो सुन प्रशोधन**

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २३ असोज

काठमाडौंको बूढानीलकण्ठ नगरपालिका-२, माथिल्लो भंगालस्थित एउटा घरमा प्रहरीले छापा मार्दा चीनदेखि नेपालसम्म जोडिएको सुनको शंकास्पद सञ्जाल खुलेको छ । घर भाडामा लिने व्यक्ति चीन पुगिसकेका थिए । घरमा पक्राउ परेका चिनियाँ नागरिकले भने चीनबाटै चाबी ल्याएका थिए ।

अवैध रूपमा सुनको कारोबार, प्रशोधन र ओसारपसार भइरहेको विशेष सूचना पाएपछि प्रहरीले उक्त घरमा निगरानी बढाएको थियो । घरमा शंकास्पद गतिविधि »» पृष्ठ २ मा



वैदेशिक रोजगार विशेष

# मलेसियामा न्यूनतम तलब २ हजार रिंगेट पुग्यो, ८ महिनापछि लागू हुने

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, २३ असोज

मलेसिया सरकारले श्रमिकको न्यूनतम तलब २ हजार रिंगेट पुर्‍याएको छ । शुक्रबार सार्वजनिक आगामी वर्ष २०२७ को बजेटमा अर्थमन्त्रीको समेत जिम्मेवारी सम्हालेका प्रधानमन्त्री अनवर इब्राहिमले न्यूनतम तलब २ हजार रिंगेट पुर्‍याउँदै करका दरहरू घटाएका छन् । उनले लाखौंका लागि अनुदान सहायता बढाएको घोषणा पनि गरे । प्रतिशतका हिसाबले तलब वृद्धि १७.६४ प्रतिशत हो । पछिल्लो १३ वर्षमा मलेसियामा श्रमिकको तलब १२२ प्रतिशतभन्दा बढीले वृद्धि भएको छ ।

नयाँ तलबमान आठ महिनापछि अर्थात सन् २०२७ को जुन महिनादेखि लागू हुने जनाइएको छ । यससँगै जुन २०२७ देखि नेपाली श्रमिकको पनि न्यूनतम »» पृष्ठ २ मा



### मलेसियामा तलब वृद्धिको शृंखला

**काठमाडौं/मस-** सन् २००१ देखि नेपालबाट मलेसियामा वैधानिक रूपले कामदार जान थालेका हुन् । सुरुवाती चरणमा मलेसियामा नेपाली कामदारहरूले मासिक तलब न्यूनतम ४८१ रिंगेट प्राप्त गर्थे । त्यतिबेला प्रतिमलेसियन रिंगेटको विनिमय दर १८/१९ रुपैयाँ थियो । ४८१ रिंगेटको न्यूनतम तलब केही वर्ष कायम रहेपछि वृद्धि भएर ५२० रिंगेट पुर्‍याइयो। त्यसको केही वर्षपछि मलेसियामा कामदारको मालिक न्यूनतम तलब ५२० रिंगेटबाट वृद्धि भएर ६५० »» पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



**खुलामञ्च...**

**भूकम्पपछिको खुलामञ्च**

२०७२ सालको भूकम्पपछि खुलामञ्च बिस्तारै सर्वसाधारणका लागि बन्दजस्तै हुँदै गयो । पुनर्निर्माणका नाममा विभिन्न संरचना र निर्माण सामग्री यहाँ राखिए । वीर अस्पतालको पुनर्निर्माणका सामग्री राख्ने ठाउँ पनि बन्यो । दरबार हाईस्कुल पुनर्निर्माणका सामग्री पनि यही क्षेत्रमा थुपारिए ।

त्यतिबेला काठमाडौंको पुरानो बसपार्कमा काठमाडौं भ्युटावर निर्माण गर्ने योजना अघि बढिरहेको थियो । बसपार्क हटाउनुपर्ने भएपछि खुलामञ्चको ठुलो भाग अस्थायी बसपार्कका रूपमा प्रयोग गर्ने निर्णय भयो । २०७३ वैशाखदेखि बसहरू खुलामञ्चमा आउन थाले । 'अस्थायी' भनिएको त्यो व्यवस्था भने लामो समयसम्म चल्यो ।

राजनीतिक भाषण र नागरिक सभाले भरिने ठाउँ बसपार्कमा परिणत भयो । खुलामञ्चको एउटा ठुलो भाग सवारी साधनको आवागमन र पार्किङमा प्रयोग हुन थाल्यो । सार्वजनिक राजनीतिक मञ्च बिस्तारै सार्वजनिक यातायातको अस्थायी पूर्वाधार बन्यो । खुलामञ्चमाथिको सबैभन्दा ठुलो नागरिक आक्रोश २०७६ सालमा देखियो । खुलामञ्चको उत्तरतिर व्यापारिक सटर निर्माण भइरहेको विषय सार्वजनिक भएपछि काठमाडौंमा त्यसको चर्को विरोध भयो ।

सार्वजनिक खुला ठाउँमा व्यापारिक संरचना बनाउन खोजिएको भन्दै सम्पदा अभियन्ता, स्थानीय बासिन्दा र नागरिक समाजका विभिन्न व्यक्तिले विरोध गरे । खुलामञ्चको महत्त्व समाप्त पार्न खोजिएको उनीहरूको आरोप थियो । त्यतिबेला काठमाडौं महानगरपालिकाभित्रै पनि यस विषयले विवाद जन्मायो । छानबिन समिति बन्यो । दबाब बढ्दै गएपछि बनाइएका सटर तथा संरचना हटाउने प्रक्रिया अघि बढ्यो ।

**'अकुपाई टुडिखेल' अभियान**

खुलामञ्चको अतिक्रमणविरुद्धको संघर्ष त्यहीँ रोकिएन । टुँडिखेलको ऐतिहासिक क्षेत्र निरन्तर साँघुरिँदै गएको भन्दै नागरिक अभियन्ताहरूले 'अकुपाई टुँडिखेल' अभियान सुरु गरे ।

२०७६ सालमा काठमाडौंका महानगरका तत्कालीन मेयर विद्यासुन्दर शाक्यले खुलामञ्चमा स्थायी बसपार्क बनाउने योजनासहित ढलान गर्न खोजेका थिए । लगत्तै त्यसको विरोधमा मानवसाङ्लो बनाइयो । पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई, हिसिला यमी, गगन थापा, भीमसेनदास प्रधान, काठमाडौं महानगरकी तत्कालीन उपप्रमुख हरिप्रभा खड्गीलगायत विभिन्न राजनीतिक तथा सामाजिक व्यक्तित्व अभियानमा सहभागी भए । कलाकार, बुद्धिजीवी, सम्पदा अभियन्ता र सर्वसाधारण पनि अभियानसँग जोडिए ।

अभियानको मूल माग स्पष्ट थियो-काठमाडौंका ऐतिहासिक खुला क्षेत्र जोगाउनुपर्छ । टुँडिखेल र खुलामञ्चलाई व्यापारिक, पार्किङ वा अन्य स्थायी संरचनाले साँघुरो बनाउन हुँदैन । सार्वजनिक खुला ठाउँ केवल मनोरञ्जनका लागि होइन, सहरको वातावरण, नागरिक जीवन र विपद् व्यवस्थापनका लागिसमेत आवश्यक हुन्छ ।

नागरिक दबाब र अन्य कारणले अन्ततः खुलामञ्चबाट अस्थायी बसपार्क हटाउने निर्णय भयो । २०७७ फागुनमा बसपार्क हटाउने प्रक्रिया अघि बढ्यो र २०७८ वैशाखदेखि खुलामञ्चमा सवारी साधन प्रवेश रोकियो । तर त्यसपछि पनि खुलामञ्च तत्कालै जनताका लागि खुला भएन । निर्माण सामग्री, माटो, हिलो, पानी जम्ने समस्या, झारपात र अन्य व्यवस्थापनका कारण खुलामञ्च लामो समय प्रयोगविहीनजस्तै रह्यो ।

२०७९ सालको स्थानीय निर्वाचनपछि काठमाडौं महानगरपालिकाको नेतृत्व बालेन्द्र शाहले सम्हाले । महानगरले खुलामञ्चमा भूमिगत पार्किङ र फुटबल ग्राउन्ड बनाउने सम्भावनासमेत अघि सारेको थियो । त्यसको चौतर्फी विरोध भयो । सार्वजनिक खुला ठाउँको मुनि पार्किङ बनाएर यसको मूल चरित्र बिगार्न नहुने अभियन्ताको तर्क थियो । 'अकुपाई टुँडिखेल' अभियानसँग जोडिएका नागरिक अभियन्ताले पनि यस विषयमा खबरदारी गरे ।

महानगर प्रमुख हुँदा आफैंले अतिक्रमण गर्न खोजेको खुलामञ्च अहिले मैले बनाएको भनेर प्रधानमन्त्रीले गलत प्रचार गरेको काठमाडौं महानगरकी तत्कालीन उपप्रमुख हरिप्रभा खड्गी बताउँछिन् । 'विद्यासुन्दर शाक्य मेयर हुँदा खुलामञ्चलाई बसपार्क बनाउने योजना अघि बढाउनुभएको थियो । म त्यतिबेला उपप्रमुख थिएँ । तत्कालीन सांसद भीमसेनदास प्रधानसहित मिलेर त्यसको पनि विरोध गरेका थियौं,' उनले भनिन् ।

'विद्यासुन्दर शाक्यले बस पार्क बनाउने र त्यसपछि बालेन्द्र शाहले भूमिगत पार्किङ बनाउने योजना अगाडि बढाउनुभएको थियो,' उनी भन्छिन्, 'यसको हामीले विरोध गर्‍यौं । खुलामञ्चको ऐतिहासिक महत्त्व र सभ्यतामाथि आँच आउन नदिन धेरै अभियन्ताको भूमिका छ ।' खुलामञ्चको आफ्नै इतिहास भएकाले यसलाई कोही व्यक्तिविशेषले बनाएको भनेर बुझ्न नहुने उनको तर्क छ । २०७९ सालमा मिटरब्याज पीडितहरू काठमाडौं आएर खुलामञ्चमा बस्न खोज्दा महानगर प्रहरीले प्रवेशमा रोक लगाएपछि सार्वजनिक ठाउँ नागरिक आन्दोलनका लागि खुला हुनुपर्छ कि निश्चित नियमभित्र मात्र प्रयोग गर्न दिनुपर्छ भन्ने विषय उठ्यो । महानगरले लामो समय बस्दा खुलामञ्च 'कब्जा' हुन सक्ने तर्क गरेको थियो भने अभियन्ताले सार्वजनिक मञ्चको चरित्रमै प्रश्न उठाएका थिए ।

पछिल्लो चरणमा काठमाडौं महानगरपालिकाले खुलामञ्चलाई व्यवस्थित बनाउने काम अघि बढायो । घाँस लगाउने, पैदल हिँड्ने बाटो बनाउने, प्रवेशद्वार तथा अन्य पूर्वाधार सुधार गर्ने काम भए । लामो समय धुलो र निर्माण सामग्रीले भरिएको ठाउँ बिस्तारै हरियाली देखिन थाल्यो । महानगरले गरेको भौतिक सुधारका कारण खुलामञ्चको स्वरूपमा परिवर्तन आयो ।

**कांग्रेसको महाधिवेशन र बालेनको टिप्पणी**

यही पृष्ठभूमिमा नेपाली कांग्रेसको १५औं महाधिवेशनको उद्घाटन खुलामञ्चमा भयो । कांग्रेसका लागि यो ठाउँ रोज्नुको राजनीतिक अर्थ पनि छ । नेपाली कांग्रेसका नेताहरूले खुलामञ्चको इतिहास २०४६ सालको जनआन्दोलन, २०६२/६३ को आन्दोलन र नेपालको लोकतान्त्रिक संघर्षसँग जोडिएको बताउँदै आएका छन् । कांग्रेस सभापति गगन थापाले पनि महाधिवेशनका लागि खुलामञ्च रोजिनुको पछाडि यसको राजनीतिक इतिहास रहेको बताएका छन् ।

कांग्रेसका लागि खुलामञ्चमा महाधिवेशन गर्नु आफ्नो पार्टीको इतिहासलाई लोकतान्त्रिक आन्दोलनको इतिहाससँग जोड्ने एउटा प्रतीकात्मक अवसर भएको उनको भनाइ थियो । यो त्यही मञ्च हो जहाँ, बिपी कोइरालाले २०३६ सालमा पहिलोपटक भाषण गरेका थिए । बिपीको स्मृति जोडिएकाले पनि कांग्रेसका लागि यो विशेष ठाउँ भएको राजनीतिक विश्लेषकहरू बताउँछन् ।

कांग्रेसको महाधिवेशन उद्घाटनपछि प्रधानमन्त्री बालेन्द्र शाहले सामाजिक सञ्जालमा गरेको टिप्पणीले खुलामञ्चको राजनीतिक चर्चा अझ बढायो । उनले खुलामञ्च राम्रो बनाइएको र नयाँ पार्टीले त्यहाँ कार्यक्रम गरेर आलोचना गर्न पाएको आशय व्यक्त गरे ।

त्यसपछि खुलामञ्च पुनः व्यवस्थित हुनुको श्रेय कसलाई जाने ? भन्ने विषयमा तर्कवितर्क हुन थाले । महानगरको पछिल्लो नेतृत्वले खुलामञ्चको भौतिक सुधारमा काम गरेको तथ्य अस्वीकार गर्न नमिल्ने सरोकारवालाहरू बताउँछन् । तर खुलामञ्चको इतिहास दशकौं पुरानो छ । यसलाई अतिक्रमणबाट जोगाउन नागरिक अभियन्ताले आन्दोलन गरेका थिए । सटर हटाउन दबाब दिएका थिए । बसपार्क हटाउन माग गरेका थिए । 'अकुपाई टुँडिखेल' अभियान चलाएका थिए । त्यसैले खुलामञ्च फेरि खुला हुनु कुनै एक व्यक्ति, एक दल वा एक सरकारको मात्र उपलब्धिका रूपमा बुझ्दा यसको लामो इतिहास छुट्न सक्ने विज्ञहरूको तर्क छ ।

**असहमति र विपत्तिमा सम्झिने ठाउ**

खुलामञ्चको इतिहासमा पटक-पटक एउटै कुरा दोहोरिएको देखिन्छ । जब समाजमा राजनीतिक असन्तुष्टि बढ्छ, मानिसलाई आफ्नो आवाज सार्वजनिक गर्ने ठाउँ चाहिन्छ । जब राज्यसँग नागरिकको असहमति हुन्छ, सडक र सार्वजनिक स्थल लोकतान्त्रिक संवादको माध्यम बन्छन् । जब विपत्ति आउँछ, खुला ठाउँ आश्रय बन्छ । जब सार्वजनिक ठाउँमाथि अतिक्रमण हुन्छ, नागरिक त्यसको संरक्षणका लागि सडकमा उत्रिन्छन् ।

पञ्चायतमा बहुदलको आवाजदेखि २०४६ को विजयसभासम्म, २०६२/६३ को लोकतान्त्रिक आन्दोलनदेखि गणतन्त्रपछिका राजनीतिक सभा र नागरिक अभियानसम्म खुलामञ्चले समयका अनेक आवाज सुनेको छ । कहिले सत्ता पक्षको आवाज सुन्यो, कहिले विपक्षीको । कहिले नेताहरूको भाषण सुन्यो, कहिले आफ्ना माग बोकेर आएका सामान्य नागरिकको । यही कारण खुलामञ्च कुनै एउटा दलको इतिहास होइन ।

यहाँ प्रश्नहरू फेरि जन्मिन्छन् - यसलाई फेरि कुनै अस्थायी प्रयोजनका नाममा बन्द गरिन्छ कि गरिँदैन ? यसको सार्वजनिक क्षेत्र फेरि व्यापारिक संरचनाले घेरिन्छ कि घेरिँदैन ? पार्किङ, बसपार्क वा अन्य पूर्वाधारको दबाब फेरि आउँछ कि आउँदैन ? राजनीतिक दल र नागरिक समूहलाई प्रयोगमा समान नियम लागू हुन्छ कि हुँदैन ? विपद्का बेला प्रयोग गर्न पर्याप्त खुला राखिन्छ कि राखिँदैन ? यी प्रश्नको उत्तरले नै खुलामञ्चको भविष्य निर्धारण गर्नेछ ।

**टुँडिखेलको...**

सालको आन्दोलन र त्यसपछि भएको जनमतसंग्रहको समयमा राजनीतिक गतिविधिमा आएको सीमित खुलापनले सार्वजनिक सभाका लागि नयाँ ठाउँहरू खोज्यो । त्यही क्रममा खुलामञ्चको राजनीतिक महत्त्व बढ्दै गयो ।

नेपाली कांग्रेसका नेता बिपी कोइरालाले पनि यही मञ्चबाट बहुदलीय व्यवस्थाको पक्षमा सम्बोधन गरेका थिए । पञ्चायती व्यवस्थाको राजनीतिक नियन्त्रणबीच बहुदलको पक्षमा सार्वजनिक रूपमा बोल्ने त्यो समय आफैंमा महत्त्वपूर्ण थियो । खुलामञ्च त्यहीँबाट बिस्तारै सरकारको औपचारिक कार्यक्रम हुने ठाउँभन्दा बढी असहमति व्यक्त गर्ने सार्वजनिक स्थलका रूपमा स्थापित हुन थाल्यो ।

खुलामञ्चको विशेषता कुनै एउटा दलको कब्जामा रहनु थिएन । पञ्चायत समर्थकले पनि प्रयोग गरे, बहुदल समर्थकले पनि । तर समयक्रममा यसको पहिचान परिवर्तनको पक्षमा उभिने राजनीतिक शक्तिहरूसँग बढी जोडिँदै गयो । सार्वजनिक ठाउँमा बोल्न पाउने अधिकार आफैंमा राजनीतिक अधिकारको एउटा रूप थियो, र खुलामञ्चले त्यसको अभ्यास गर्ने अवसर दियो ।

२०४६ सालको जनआन्दोलनले खुलामञ्चलाई नेपाली राजनीतिक इतिहासको एउटा निर्णायक स्थान बनाइदियो । पञ्चायती व्यवस्था अन्त्य भएपछि चैत २७ गते खुलामञ्चमा भएको विशाल विजयसभामा आन्दोलनका प्रमुख नेताहरू उपस्थित भए । गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइरालालगायत नेताले त्यहीँबाट जनतालाई सम्बोधन गरे ।

२०६२/६३ को जनआन्दोलनमा खुलामञ्चको भूमिका दोहोरियो । राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनविरुद्धको आन्दोलन उत्कर्षमा पुगेपछि काठमाडौंका सडक र सार्वजनिक स्थलहरू प्रदर्शनका केन्द्र बने । प्रतिनिधिसभा पुनःस्थापना भएपछि खुलामञ्चमा ठुलो जनसभा भयो । राजतन्त्रबाट गणतन्त्रतर्फ जाने यात्रामा खुलामञ्च नेपाली राजनीतिको परिचित सार्वजनिक मञ्च बनिसकेको थियो ।

त्यसपछि तत्कालीन माओवादीसहित विभिन्न राजनीतिक दल र समूहले पनि खुलामञ्च प्रयोग गरे । संविधान निर्माणका क्रममा विभिन्न समूहले आफ्ना माग राखे । पहिचानसहितको संघीयता, रोजगारी, सामाजिक न्याय, क्षेत्रीय अधिकारलगायत विषयमा सभा र प्रदर्शन भए । मधेश आन्दोलनबाट आएका राजनीतिक शक्तिदेखि बेरोजगारीको विरोधमा सडकमा उत्रिएका युवासम्मले खुलामञ्चलाई आफ्नो आवाज सुनाउने ठाउँ बनाए ।

पूर्वमन्त्री भीमसेनदास प्रधान खुलामञ्चको इतिहास र यसको सांस्कृतिक तथा राजनीतिक महत्त्व बुझ्न आवश्यक रहेको बताउँछन् । 'राजा महेन्द्रले खुलामञ्च निर्माण गरेपछि त्यहाँ बेला-बेलामा पञ्चायतका कार्यक्रम आयोजना हुने गर्थे । पछि यही ठाउँ राजनीतिक आन्दोलनका महत्त्वपूर्ण गतिविधिको केन्द्र बन्यो', उनी भन्छन्, '२०३७ सालको जनमतसंग्रह, २०४२ सालको सत्याग्रह, २०४६ सालको जनआन्दोलन तथा २०६२/६३ को संयुक्त जनआन्दोलनजस्ता ठुला आमसभा खुलामञ्चमा भएका थिए ।'

खुलामञ्चलाई जनआन्दोलनको उद्गमस्थलका रूपमा समेत लिइने गरेको प्रधान बताउँछन् । '२०३६ सालमा विश्वेश्वरप्रसाद कोइरालाले पहिलोपटक खुलामञ्चबाट भाषण गरेका थिए, त्यसपछि सबैजसो नेताले यही ठाउँबाट भाषण गर्न थाले, स्वर्गीय मदन भण्डारीले पनि यही ठाउँबाट भाषण गरेपछि राजनीतिक चर्चा कमाएका थिए,' उनले भने ।

तर पछिल्लो समय टुँडिखेल आसपास ठुला संरचना थपिँदै गएपछि यसको पुरानो स्वरूपमा परिवर्तन आएको उनको भनाइ छ । 'ठुलाठुला संरचना बनेपछि अहिले धुवाँ र धुलो मात्र आउने गरेको छ,' प्रधान भन्छन् ।

**छुट्टिए...**

सदस्य सहभागी भएर महाधिवेशन सम्पन्न भएको उनले जिकिर गरे । कांग्रेसका एकाध नेताहरू महाधिवेशनमा आउनुभएन भन्दैमा पार्टी विभाजन भयो भन्ने तर्क गर्न नहुने उनको भनाइ छ । विशेष महाधिवेशनमा भाग नलिएका र पूर्वसभापति देउवा समूहमा बसेका ९५ प्रतिशत नेता १५औं महाधिवेशनमा सहभागी भएर पार्टीलाई एक ढिक्का र गुटरहित बनाएको चालिसेले दाबी गरेका छन् ।

'कांग्रेसका आठ लाखभन्दा बढी क्रियाशील सदस्य सहभागी भएर वडादेखि केन्द्रसम्मको महाधिवेशन सम्पन्न भइसकेको छ,' उनले मध्यान्हसँग भने, 'विशेष महाधिवेशनमा भाग नलिएका, पूर्वसभापति देउवा समूहमा बसेका ९५ प्रतिशत नेताहरू १५औं महाधिवेशनमा सहभागी भएपछि अहिले कांग्रेस गुटरहित भएको छ ।' महाधिवेशनले एक लाखभन्दा बढी ३५ वर्षमुनिका युवाहरूको सहभागिता भएकाले पार्टीमा नयाँ ऊर्जा थपिएको उनले दाबी गरेका छन् । कांग्रेसले विधानमै युवाको क्लस्टर राखेर वडादेखि केन्द्रसम्म ३५ मुनिका युवाहरूको प्रतिनिधित्व अनिवार्य गरेको छ । यो व्यवस्थाले पार्टीमा नवयुवाको आकर्षण बढे पनि पूर्वसभापति देउवा पक्षमा रहेका केही पुराना नेताहरूले फरक बाटो रोजेका छन् । नयाँ पार्टी नै बनाएर जाने तयारी गरेको सो समूहबाट अधिकांश नेता संस्थापनमै समाहित भएपछि नयाँ दल दर्ताका लागि नेताहरूले हिम्मत गर्न सकेका छैनन् ।

देउवाले २०५९ असारमा कांग्रेस प्रजातान्त्रिक गठन भएको ५ वर्षपछि २०६४ मा पार्टी एकता भएको थियो । त्यसयता आन्तरिक गुटबन्दीमा रहेको कांग्रेस फेरि २४ वर्षपछि देउवाकै कारण विभाजनको बाटोमा लागेको हो । ०५९ को पार्टी विभाजनमा गोपालमान श्रेष्ठ, प्रकाशमान सिंह, विजयकुमार गच्छदार, विमलेन्द्र निधि, बालकृष्ण खाँण, पूर्णबहादुर खड्का, एनपी साउदलगायत नेताले साथ दिएका थिए । गोपालमान श्रेष्ठ विशेष महाधिवेशनमा सहभागी भएका थिए भने अरू नेताहरूले बहिष्कार गर्दै आएका थिए । गोपालमान विशेष महाधिवेशनपश्चात् वरिष्ठ नेताको जिम्मेवारी पाएर दिवंगत भइसके । प्रकाशमान सिंह, विजयकुमार गच्छदार, विमलेन्द्र निधि, पूर्णबहादुर खड्का, एनपी साउद, प्रकाशशरण महतलगायत नेताहरूले १५औं महाधिवेशनमा समेत भाग नलिएर समानान्तर अधिवेशनमा जुटेका छन् ।

संस्थापनइतर समूहका नेता एनपी साउदले कञ्चनपुरमा क्षेत्रीय अधिवेशन गराउन व्यस्त रहेको बताए । कञ्चनपुर जिल्लाका वडा र पालिका अधिवेशन सकेर क्षेत्रीय अधिवेशनमा सहभागी भइरहेका नेता साउदले देशभर पाँच हजार वडा अधिवेशन, सयौं पालिका र सोहीअनुसारका क्षेत्रको अधिवेशन भइरहेको दाबी गरे । पार्टीको विशेष महाधिवेशन रोक्न लागे पनि नरोकिएपछि पार्टीमा विभाजनको रेखा कोरिएको उनको भनाइ छ । 'अदालतमा रहेको पुनरावलोकनको मुद्दा टुंगो नलाग्दासम्म हामीले महाधिवेशन नगरौं भनेका थियौं,' मध्यान्हसँग कुरा गर्दै उनले भने, 'तर विशेष महाधिवेशन पक्षधर साथीहरूले मान्नुभएन र हामी पनि महाधिवेशनको प्रक्रिया अघि बढाउन बाध्य भयौं । अहिले पाँच हजार वडा अधिवेशन भइसकेका छन् । पालिका र क्षेत्रको अधिवेशनसमेत भइरहेका छन् ।'

अदालतबाट आफ्नो पक्षमा परमादेश आउँछ भन्ने विश्वासमा रहेको यो समूहका नेताहरू प्रतिकूल निर्णय आएपछि पुनरावलोकनको माग गर्दै सर्वोच्च गएका थिए । पुनरावलोकनका लागि निस्सा पाएको देउवा समूह उक्त मुद्दाको टुंगो नलाग्दासम्म कुनै अधिवेशन नगर्ने पक्षमा थिए । दुवै पक्षले अधिवेशनका कार्यक्रम अघि नबढाउन आग्रह गरे पनि विशेष महाधिवेशन पक्षले नमानेपछि आफूहरू अधिवेशन गर्न बाध्य भएको नेता साउदले बताए । यद्यपि यो समूहको आगामी गन्तव्य अझै तय भइसकेको छैन ।

नेता साउदले अदालतले दिएको पुनरावलोकनको निस्साको निर्णय पर्खनुको विकल्प नरहेको बताएका छन् । 'हामीलाई अदालतले आधिकारिकता दियो भने हामी सबैलाई मिलाएर लान्छौं,' नेता साउदले भने, 'अर्को पक्षलाई दियो भने उहाँहरूको भूमिका के गर्नुहुन्छ ? र कसरी अघि बढ्ने भन्ने त्यसपछि निर्णय लिन्छौं । त्यसबेला के गर्ने भन्ने अहिले नै म कमेन्ट गर्न चाहन्नँ । दुवैतर्फ महाधिवेशन भइरहेकाले पार्टी एक रहेको भन्न मिल्दैन ।'

समानान्तर महाधिवेशनको प्रक्रियालाई निरन्तर अघि बढाए पनि सुदूरपश्चिमबाहेक यो समूहमा पार्टी कार्यकर्ता देखिएका छैनन् । पार्टीका अधिकांश क्रियाशील सदस्यहरू आधिकारिक महाधिवेशनमा भाग लिइसकेका कारण देउवा समूहले अधिवेशनका लागि तल्लो तहको संरचनामा बस्ने नेतृत्वसमेत नपाएको नेताहरूले बताएका छन् । यो समूहको महाधिवेशन आयोजक समितिका संयोजक प्रा.डा.शशांक कोइरालाले घरैमा बोलाएर जिल्ला, क्षेत्र र पालिका संयोजक तोक्ने काम गरिरहेका छन् । त्यसरी तोकिएका संयोजकसमेत आफ्नो भूगोलमा जाने अवस्था छैन ।

यता, सभापति गगन थापाले असोज १८ बाट उद्घाटन गरेको कांग्रेसको महाधिवेशन अझै सकिएको छैन । मतदान सकिए पनि मतगणना कार्य आजबाट प्रारम्भ हुने निर्वाचन समितिले जनाएको छ । कांग्रेसको १५औं महाधिवेशनबाट आगामी चार वर्षका लागि नयाँ केन्द्रीय समिति घोषणा हुनै लाग्दा समानान्तर महाधिवेशन गर्ने नेताहरूलाई संस्थापन पक्षले कारबाहीको डन्डा चलाउने तयारी गरेको छ । महाधिवेशनको परिणाम सार्वजनिक भएर नयाँ कार्यसमितिले पदीय जिम्मेवारी लिएलगत्तै उनीहरूलाई कांग्रेसको साधारण सदस्यसमेत नरहने गरी कारबाही अघि बढाइने नेताहरूले बताएका छन् । सभापति थापाले कांग्रेसको महाधिवेशनमा नआएका नेताहरूलाई कांग्रेस छाडेको हो कि होइन भन्ने विषयमा स्पष्ट उत्तर दिन आग्रह गरेका छन् । 'केही साथीहरू महाधिवेशनबाहिर रहनुभएको छ, उहाँहरूले कांग्रेस छाडेको हो कि होइन ? त्यसको स्पष्ट जवाफ दिनुपर्नेछ ।'

देउवा समूहले आगामी २१, २२ र २३ मंसिरमा काठमाडौंमा १५औं केन्द्रीय महाधिवेशन गर्ने तयारी गरेको छ ।

**सुन...**

देखेपछि स्थानीयले प्रहरीलाई सूचना दिएका थिए । महिनौंदेखि निगरानीमा रहेको घरमा प्रहरीले बुधबार छापा मारेको हो ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका अनुसार, चीनको जियाङ्सु र गुआङडोङ क्षेत्रसँग सम्बन्ध भएका २७ वर्षीय चिनियाँ नागरिक हान फेई उक्त घरमा बस्दै आएका थिए । उनी पक्राउ परेपछि अनुसन्धानका क्रममा चीनदेखि नेपालसम्म चाबी हस्तान्तरण र आवतजावतको शृंखला खुलेको हो ।

चिनियाँ नागरिक सु क्यानले गत साउन ८ गते घरधनीलाई मासिक तीन लाख ३० हजार रुपैयाँका दरले चार महिनाको अग्रिम भाडा एकैपटक १३ लाख २० हजार रुपैयाँ बुझाएर घर भाडामा लिएका थिए । अग्रिम भाडा बुझाएको करिब एक महिनापछि साउन ३० गते उनी चीन गएको देखिएको प्रहरीले जनाएको छ । त्यसपछि उनी नेपाल फर्किएको देखिएको छैन ।

चीन पुगेपछि सु क्यानले उक्त घरको चाबी अर्का चिनियाँ नागरिक झेन जियालाई दिएका थिए । झेन जियाले असोज १० गते हान फेई र अर्का चिनियाँ नागरिक झाउ लोडकिडलाई चाबी बुझाउँदै नेपाल पठाएको अनुसन्धानबाट खुलेको छ । चाबी लिएर हान फेई र झाउ लोडकिङ असोज ११ गते नेपाल आइपुगेका थिए ।

चीनको ग्वाङ्झाउमा बस्ने झेन जियाले सन्देश आदानप्रदान गर्ने चिनियाँ माध्यम विच्याटमार्फत नेपालमा रहेका समूहका सदस्यलाई सुन प्रशोधन गर्ने, तयार पार्ने र तोकिएको ठाउँमा पुर्‍याउने निर्देशन दिने गरेको प्रहरीको भनाइ छ । सुन कारोबारीलाई सुन पुर्‍याउन जाँदै गर्दा प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिएको थियो ।

**२१ किलोभन्दा बढी सुन बरामद**

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले बुधबार पक्राउ परेका चिनियाँ नागरिकलाई पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको हो । पक्राउ पर्नेमा २७ वर्षीय हान फेई, ४७ वर्षीय झोउ लोडछिन र ३७ वर्षीय वाङ जियानझेन छन् ।

प्रहरीका अनुसार, विशेष सूचनाका आधारमा निगरानी बढाएर माथिल्लो भंगालस्थित घरबाट उनीहरूलाई नियन्त्रणमा लिइएको हो । घर भाडामा लिएर अवैध रूपमा सुनको कारोबार, प्रशोधन तथा ओसारपसार भइरहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक सन्तोष खड्काले बताए । प्रहरीले यस कारबाहीलाई 'ब्राभो गल्फ अभियान' नाम दिएको थियो ।

प्रहरीले उनीहरू बस्दै आएको कोठाबाट सुनका टुक्रा तथा बिस्कुट आकारका ढिक्का, नगद, सुन ओसार पसारमा प्रयोग गरिएको गाडी, सुन पगाल्ने तथा प्रशोधन गर्ने मेसिन र उपकरणसहित विभिन्न कागजात बरामद गरेको छ । नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघको परीक्षण तथा प्रमाणीकरण विवरणअनुसार, बरामद सुनमध्ये १० किलो १९७.९३ ग्राम तयारी अवस्थामा र १० किलो ४५२.७५ ग्राम अर्धतयारी अवस्थामा छ । बरामद सुनको कुल तौल २१ हजार ७५०.६८ ग्राम अर्थात् २१ किलो ७५०.६८ ग्राम रहेको छ । यसको हालको बजार मूल्य ५४ करोड ६० लाख ७ हजार ३२० रुपैयाँ चार पैसा हुने प्रहरीले जनाएको छ ।

**कारोबारको स्रोत अझै खुल्न बाँकी**

पक्राउ परेका चिनियाँ नागरिक नेपाल आएको करिब १२ दिनमै प्रहरीले छापा मारेको थियो । यति छोटो अवधिमा २१ किलोभन्दा बढी सुन र प्रशोधनका उपकरण घरमा कसरी पुगे ? सुन कहाँबाट ल्याइएको थियो र कहाँ पुर्‍याउने तयारी थियो ? नगद कारोबार कसरी भइरहेको थियो ? चीनमा रहेका अन्य व्यक्तिको भूमिका के थियो ? यी प्रश्नको उत्तर खुल्न बाँकी छ । घटनाबारे अनुसन्धान भइरहेको र नियन्त्रणमा लिइएका चिनियाँ नागरिकले अनुसन्धानमा सहयोग नगरेको वरिष्ठ प्रहरी उपरीक्षक खड्काले बताए ।

**मलेसियामा...**

मासिक तलब करिब साढे ७५ हजार रुपैयाँ हुने भएको छ ।

मलेसियामा १ करोड ७३ लाख जनशक्ति कार्यरत रहेकोमा आप्रवासी श्रमिकको संख्या २१ लाख ४० हजार रहेको छ । त्यसमा वैधानिक नेपालीको संख्या साढे ४ लाख रहेको अनुमान छ ।

मलेसियामा सबै श्रमिकको न्यूनतम तलब बराबर हुने भएकाले तलब वृद्धि भएसँगै त्यसको प्रत्यक्ष लाभ त्यहाँ कार्यरत नेपालीले पाउने भएका छन् । त्यसको सकारात्मक असर नेपाली अर्थतन्त्रमा पनि देखिनेछ ।

मलेसियन ट्रेड्स युनियन कांग्रेसले बढ्दो महँगी र जीवनयापनको खर्चलाई मध्यनजर गर्दै आगामी बजेट २०२७ मा देशको न्यूनतम मासिक पारिश्रमिक बढाएर ३ हजार १ सय रिंगेट पुर्‍याउन माग गरिरहेको थियो ।

युनियनले हालको १७ सय रिंगेटले श्रमिकहरूलाई आधारभूत आवश्यकता पूरा गर्नसमेत धौधौ परिरहेको जिकिर गरेको थियो । हाल मलेसियाका केही ठुला सरकारी स्वामित्वका कम्पनीहरूले आफ्ना स्थानीय स्थायी कर्मचारीलाई ३ हजार रिंगेट हाराहारीमा पारिश्रमिक दिन सुरु गरिसकेको बताइएको छ ।

जुनदेखि बढेको तलब लागू हुने भए पनि वार्षिक ५० मिलियनभन्दा कम बिक्री भएका साना तथा मझौला उद्यमहरूलाई बढ्दो लागतसँग जुध्नुपर्ने कारणले अस्थायी रूपमा छुट दिइएको छ ।

अर्धकुशल कामदार र स्नातकहरूले प्रतिमहिना २ हजार ५०० रिंगेट न्यूनतम मासिक तलब प्राप्त गर्नेछन् ।

**मलेसियामा...**

को हाराहारीमा पुर्‍याइयो । यस्तै सन् २०१३ मा प्रायद्वीपीय मलेसियाका लागि प्रतिमहिना ९०० रिंगेट र सबाह तथा सारावाकका लागि प्रतिमहिना ८०० रिंगेट तोकियो भने सन् २०१६ मा प्रायद्वीपीय मलेसियाका लागि प्रतिमहिना १ हजार रिंगेट र सबाह तथा सारावाकका लागि प्रतिमहिना ९२० रिंगेट तोकियो ।

यस्तै सन् २०१९ मा राष्ट्रव्यापी रूपमा प्रतिमहिना ११ सय रिंगेट (पहिलो एकरूप राष्ट्रिय दर) कायम गरियो । सन् २०२० मा ५७ सहर तथा नगरपालिका परिषद् क्षेत्रका लागि प्रतिमहिना १२ सय रिंगेट (उच्च सहरी दर) तोकियो भने सन् २०२२ मा राष्ट्रव्यापी रूपमा प्रतिमहिना १५ सय रिंगेट (एकल राष्ट्रिय दर पुनर्स्थापित) गरियो ।

सन् २०२५ को फेब्रुअरीदेखि अहिलेलम्म मलेसियामा राष्ट्रव्यापी रूपमा कामदारको न्यूनतम तलब प्रतिमहिना १७ सय रिंगेट कायम छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/१०/१९ मा दर्ता भएको **प्रा. लि. नं. १४४७५५** को श्री **सिद्धार्थ एग्रो टी इण्डष्ट्रिज प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मलेसियामा रोजगार**
कम्पनी: THONG SENG SECURITY SDN. BHD. शहर : MALAYSIA
पूर्व स्वीकृत मिति: २०८१/०७/०९ चलानी नं.: ६०२४६४७१ LT. No.: 332776 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Finishing Carpenter | 1 | 0 | स. काममा दक्ष | 1700 | ६४२२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज ३१ गते (17 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका लागि विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ANAMOL OVERSEAS PVT. LTD.** श्रम ई. पत्र नं.: ५६३/०६२/०६३
Sinamangal-9, Airport, Kathmandu, Nepal, Post Box: 8975, Tel.: 01-4579756,
E-mail : anamoloverseas@gmail.com, Web.: www.overseasanamol.com

**युएईमा रोजगार**
कम्पनी : FIRST OPTION CONTRACTING L.L.C शहर: UAE,AL WARSHAN 3,DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०८/१६ चलानी नं.: ६०२४८२०१ L.T. No.: 334553 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 45 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ६३१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 58 | 0 | | 1000 | ४२०८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज ३१ गते (17 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका लागि विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**EQUATOR INTERNATIONAL (P.) Ltd.** LIC. NO. 746/064/065
कार्यालय: गोंगबु चोक, काठमाडौं, नेपाल Tel No: 014986469 / 014986470
Mob. No: 9851011886 (Arjun Panta), 9851096808
Email: equator746@gmail.com | Website: www.equatorintl.com

**यूएईमा रोजगार**
कम्पनी: SAFE EYES SECURITY SERVICES LLC शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०१/२४ चलानी नं.: ६०२३७२७५ L.T. No.:323317 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 8 | 0 | स. काममा दक्ष | 1800 | ७५,७४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज ३१ गते (17 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका लागि विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**New Sambriddhi Overseas Pvt. Ltd.** श्रम इजाजत पत्र नं.: ६११/०६२/०६३
Pingalastan, kathmandu, Mobile: +977-15926532, 9824631568, 9851110784, 9812757284 (Sanjib Kumar Thapa)
Itahari Branch No : 9828226395, Fax : 01-4475670, Email: sambriddhinew@gmail.com

**MALAYSIA मा रोजगारको अवसर**

कम्पनी: SARINANI JURU VENTURE शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८३/०४/०१ चलानी नं.: ६०२५८३६७ LT. No.: 345123 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 1 | 0 | स. काममा दक्ष | 1700 | ६४२२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: PASIR PUTEH ENTERPRISE शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८३/०४/०१ चलानी नं.: ६०२५८३६८ LT. No.: 345124 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 2 | 0 | स. काममा दक्ष | 1700 | ६४२२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज ३१ गते (17 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका लागि विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**A.N.S. ASSOCIATES PVT. LTD. ए.एन.एस.एशोशिएट्स प्रा. लि.**
Govt. Lic. no.: 473/060/61
Boudha, Mahankal-06, Kathmandu, Nepal | Phone No. 01-5918472, 01-5918424
Mobile :9851089179 (Pashupati Thakur) E-mail : anspasang8125@gmail.com | Website : www.ansassociates.com.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८२।१२।२४ मा दर्ता भएको **प्रा.लि. नं. ३८९२४३** को **उदय एग्रोटेक प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०६।२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

संस्था दर्ता ऐन २०३४ को दफा ४ बमोजिम मिति २०६०।०१।०८ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भएको राहत को मिति २०८२।०६।०२ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले संस्था दर्ता ऐनको दफा १४ बमोजिम विघटनमा लैजाने निर्णय गरेकोले यस संस्थासँग कोही कसैलाई कुनै किसिमले प्रकाशित भएको मितिले ३५ दिनभित्र निम्नलिखित लिक्विडेटको कार्यालयमा हक दावी गर्न सम्बन्धित सबैलाईको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर : श्रीकृष्ण न्यौपाने (इजाजत पत्र नम्बर: ५६८)**
**अनामनगर काठमाडौं - २९ अनामनगर, सम्पर्क : ९८५१३२१०६४**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७०/०९/२५ मा दर्ता भएको **प्रा.लि. नं. ११८४३५** को **हिमालयन ह्वाइट याक ट्राभल एण्ड टुर्स प्रा.लि.**को मिति २०८३/०६/२३ मा सम्पन्न विशेष साधारणसभाले कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन)मा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटर: कुमार गुरुङ, इजाजतपत्र नं. ५२१, फोन नं. ९८४१८६१६३०**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०६३/०२/१७ मा दर्ता भएको **श्याम ग्यास उद्योग प्रा.लि.(प्रा.लि.नं. १५०२४८)** को मिति २०८३/०६/२२ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।

**लिक्वीडेटर: जिवन कुमार थापा, इजाजतपत्र नं. ६६३, फोन नं. ९८४१६९६९६६**

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०८३/०६/२४**

यस कम्पनीको मिति २०८३।०६।०८ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **सेन्ट ज्यूड्स एकेडेमी कपिलवस्तु प्रा.लि. (दर्ता नं. १३१०१६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०६।१५ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **सेन्ट ज्यूड्स एकेडेमी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**विशेष दर्ता खारेजी 30 दिने सूचना**

यस कार्यालयमा मिति २०७६।०५।०२ मा दर्ता भएको **प्रा.लि. नं. २२१६५६** को **कोरभिजन इन्भेष्टमेन्ट** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनी ले कसैसँग ऋण लिएको वा सो कम्पनी ले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

खेलकुद

### धोतीबाट फ्रेन्चाइजसम्म

# नेपाली भलिबलको स्वर्णिम यात्रा

**बियोन्ड द गेम**



● टीएस ठकुरी

*धोती लगाएर कोर्टमा उत्रिने पुस्तादेखि व्यावसायिक फ्रेन्चाइज प्रतियोगितासम्म आइपुग्दा नेपाली भलिबलले लामो फड्को मारेको छ । राष्ट्रिय खेलको मान्यता, अन्तर्राष्ट्रिय पदक र बढ्दो व्यावसायिक आकर्षणले यसको सम्भावना फराकिलो बनाएका छन् ।*

महेन्द्र पुस्तकालयबाट समेत सेवानिवृत्त भएपछि सच्चिदानन्द चौवेको दैनिकी त्रिभुवन चोकनजिकैको निवासमा बितिरहेको छ । उमेरले ९० वर्ष पुग्न लागेका चौवेलाई आजभोलि हिँडडुल गर्नसमेत कठिन छ । तर, नेपालको छैटौं पुरानो सहर नेपालगन्जमा जन्मिएर जीवनभर खेलकुद र शिक्षामा योगदान गरेका उनी नेपाली भलिबलको पहिलो पुस्ताको खेलाडीका रूपमा चिनिन पाउँदा गर्व गर्छन् । नेपालका पहिलो अन्तर्राष्ट्रिय भलिबल रेफ्री अजितकुमार शर्मा भन्छन्, 'धोतीमै कोर्टमा उत्रिएको घटना सम्भवतः संसारकै रोचक र बिरलै होला ।'

नेपालगन्ज निवासी शर्मा सन् १९८६ मा दक्षिण कोरियाको सिओलमा भएको १०औं एसियाली खेलकुदमा नेपालबाट रेफ्री बनेर पुगेका थिए । त्यतिबेला उनी एकमात्र नेपाली रेफ्री थिए । करिअरको सुरुवाती चरणमा पाकिस्तान र बंगलादेशका प्रतियोगिता सञ्चालन गरेको अनुभव पनि उनीसँग छ ।

शिक्षण पेसामा जीवन बिताएका चौवे स्वयं धोतीमै काठमाडौंमा भेरी अञ्चलको टोलीबाट भलिबल खेलेको स्मरण गर्छन् । नारायण स्कुलमा पढाउने क्रममा उनले आफू मात्र खेलेनन्, अरूलाई पनि खेलाए, पढाए र अगाडि बढाए । अन्तर्राष्ट्रिय भलिबल रेफ्री अजितकुमार शर्मादेखि ओलम्पियन सुरेन्द्र हमालसम्म उनका विद्यार्थी हुन् । यस अर्थमा चौवे नेपाली खेलकुदका जीवित इतिहास हुन् ।

धोती लगाएर कोर्टमा उत्रिएको पुस्तादेखि आधुनिक र व्यावसायिक फ्रेन्चाइज प्रतियोगितासम्म आइपुग्दा नेपाली भलिबलले अकल्पनीय परिवर्तन गरेको छ । उपलब्धिका हिसाबले पनि यसले उल्लेखनीय सफलता हासिल गरेको छ । पुरुष टोलीले सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) च्याम्पियनसिपमा कास्यपदक जितेको छ । महिला टोलीले काभा च्याम्पियनसिपको स्वर्ण जित्नुका साथै दक्षिण एसियाली खेलकुद (साग)मा श्रीलंकालाई हराएर फाइनल पुग्दै रजतपदक हात पारेको छ । यी उपलब्धि नेपाली भलिबलका लागि मात्र नभई समग्र नेपाली खेलकुदकै लागि महत्त्वपूर्ण हुन् ।

सफलतासँगै भलिबलको लोकप्रियता पनि बढेको छ । प्रतियोगिताको प्रसारण अधिकारका लागि लाखौं रुपैयाँ खर्च गर्ने अवस्था बनेको छ । खेलाडी लोकप्रियताको शिखरतर्फ उक्लिरहेका छन् । नेपाल खेलकुद पत्रकार मञ्चले प्रदान गर्ने पल्सर स्पोर्ट्स अवार्डको पिपुल्स च्वाइस विधामा भलिबल खेलाडी मनोनयनमा पर्दा विजयी हुनुले पनि यसको लोकप्रियता पुष्टि गर्छ ।

भलिबल नेपालको लोकप्रिय खेल हो भन्नेमा दुईमत छैन । पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म, हिमालदेखि तराईका फाँटसम्म खेलिने भएकाले यसलाई नेपाली माटो सुहाउँदो खेल पनि भनिन्छ । राष्ट्रिय खेलकुद परिषद्का तत्कालीन सदस्यसचिव शरदचन्द्र शाहले खेलको वर्गीकरण गर्दा भलिबललाई उच्च प्राथमिकता दिएका थिए ।





विद्यालय तहदेखि नै खेलप्रति आकर्षण बढाउन उनले एथलेटिक्स र भलिबललाई अनिवार्यजस्तै बनाएका थिए ।

राष्ट्रिय स्तरमा पदक जित्ने सम्भावनाका आधारमा व्यक्तिगत खेललाई प्राथमिकता दिँदै गर्दा शाहले सामाजिक एकता र सामूहिक भावना विकास गर्न भलिबललाई फुटबल र क्रिकेटभन्दा अगाडि राखेका थिए । सीमित स्रोतसाधनमा पनि देशका सबै क्षेत्रमा खेल्न सकिने भएकाले भलिबल सामूहिक भावना विकास गर्ने प्रभावकारी माध्यम हुने उनको बुझाइ थियो ।

एक समय नेपालका हरेक व्यावसायिक घरानामा भलिबल टोली हुन्थे । नेपाली खेलाडीलाई ए, बी र सी गरी तीन टोलीमा वर्गीकरण गरिएको थियो । ती टोली वर्षभरि वैदेशिक प्रशिक्षणमा व्यस्त रहन्थे । तर, सदस्यसचिव शाहको नेतृत्वमा राष्ट्रिय खेलकुद परिषद्ले गरेको लगानीले पर्याप्त प्रतिफल दिन नपाउँदै नेपालको राजनीतिक परिस्थिति बदलियो । २०४६ सालमा बहुदलीय प्रजातन्त्र पुनर्स्थापना भएपछि समग्र खेलकुदको गति प्रभावित भयो । भलिबल पनि त्यसबाट अछुतो रहेन ।

२०५५ सालमा चौथो बृहत् राष्ट्रिय खेलकुद आयोजना हुँदा नेपाली सेनाले र नेपाल प्रहरीले भलिबलमा बलियो उपस्थिति देखाए । त्यसपछि सशस्त्र प्रहरी बलको टोली पनि प्रतिस्पर्धी बन्यो । जनस्तरमा भलिबललाई संस्थागत गर्दै खेलाडी उत्पादनमा योगदान दिने क्लबका रूपमा न्यु डायमन्ड अगाडि आयो ।

काठमाडौंको नैकापस्थित न्यु डायमन्ड स्कुलका प्रिन्सिपल कुमार राई आफैंले प्रशिक्षण दिने यो क्लब अहिले पनि ग्रासरुटबाट खेलाडी उत्पादन गरी राष्ट्रिय टोलीमा योगदान पुऱ्याउने अग्रणी संस्थामध्ये एक हो । पछिल्लो डेढ दशकमा क्लबले महिला भलिबलको विकासमा उल्लेखनीय भूमिका खेलेको छ ।

बंगलादेशको ढाकामा भएको ११औं दक्षिण एसियाली खेलकुदमा नेपाली टोलीका कप्तान भरत शाहले राष्ट्रिय झन्डा बोक्ने अवसर पाएका थिए । नेपाली भलिबलका लागि यो पनि महत्त्वपूर्ण उपलब्धि थियो । पुरुष टोलीले सन् २०१७ मा काभा च्याम्पियनसिपमा कास्यपदक जितेर सम्भावनाको संकेत गऱ्यो । महिला टोलीले भने सागमा सहभागिताको सुरुवातदेखि नै कास्यपदक जित्दै आफ्नो आकर्षण बढाएको थियो । नेपालमै भएको १३औं सागमा फाइनल पुगेर महिला टोलीले दक्षिण एसियामा आफ्नो बलियो उपस्थिति देखायो । त्यसपछि काभा च्याम्पियनसिपमा स्वर्ण जितेर देशको गौरव बढायो ।

यसैबीच भलिबल नेपालको राष्ट्रिय खेल घोषित भयो । राष्ट्रिय खेलको मान्यता र अन्तर्राष्ट्रिय प्रतियोगितामा प्राप्त सफलताले यसलाई देशव्यापी चर्चाको विषय बनाएको छ । भलिबलप्रति आम नागरिकमा आशा, उत्साह र सम्भावनाको भावना बढेको छ ।

नेपाली भलिबलको यो यात्रामा वर्तमान अध्यक्ष जितेन्द्रबहादुर चन्दको नेतृत्व पनि महत्त्वपूर्ण छ । नेपाली भलिबलको स्वर्ण जयन्तीको नेतृत्व गर्ने अवसर पाएका चन्द आफैं पूर्वखेलाडी हुन् । राष्ट्रिय टोलीको जर्सी लगाएर कोर्टमा उत्रिन नपाएको पीडा उनीभित्र थियो । सायद यही कारण उनले भलिबलको प्रशासनिक नेतृत्वमा रहेर अन्तर्राष्ट्रिय मञ्चमा नेपालको प्रतिनिधित्व गर्ने संकल्प गरे ।

चन्द महासचिवका रूपमा नेपाल भलिबल संघमा प्रवेश गरे । दुई कार्यकाल महासचिव हुँदा उनले अध्यक्ष दानबहादुर तामाङलाई सफल बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरे । त्यसपछि पनि महासचिवका रूपमा निरन्तरता दिए । मनोरञ्जन शर्माको नेतृत्वमा संघलाई व्यवस्थित ढंगले अघि बढाउन उनले मिहिनेत गरे । कार्यकारी भूमिकामा रहेर प्राप्त अनुभवले उनलाई अन्ततः संघको अध्यक्ष बन्ने अवसर दिलायो ।

अध्यक्ष बनेपछि चन्दले नेपाली भलिबललाई अन्तर्राष्ट्रिय मञ्चमा स्थापित गर्न प्रयास गरे । उनी काभाको नेतृत्व तहमा पुगे भने एसियाली भलिबल महासंघको कार्यकारी समितिमा समेत जिम्मेवारी पाए । काभाका विभिन्न कार्यक्रम नेपालमा आयोजना गर्न सफल भए । अन्तर्राष्ट्रिय प्रतियोगिता व्यवस्थित रूपमा सञ्चालन गर्न नेपाल सक्षम छ भन्ने सन्देश पनि दिए ।

क्रिकेट र फुटबलमा मात्र फ्रेन्चाइज प्रतियोगिताको अवधारणा सीमित भइरहेका बेला चन्दले भलिबलमा पनि यो अभ्यास अघि बढाए । महिला फ्रेन्चाइज प्रतियोगिताका दुई संस्करण सम्पन्न भइसकेका छन् । गत महिना पुरुष फ्रेन्चाइज प्रतियोगिता पनि सुरु भयो । यसले निजी क्षेत्रलाई भलिबलमा लगानी गर्न आकर्षित गर्ने नयाँ सम्भावना खोलेको छ ।

२०३३ सालमा स्थापित नेपाल भलिबल संघका संस्थापक अध्यक्ष अनुपशमशेर जबरादेखि प्रकाश थपलिया, गंगा थापामगर, दानबहादुर तामाङ, मनोरञ्जन शर्मा हुँदै वर्तमान अध्यक्ष चन्दसम्म आइपुग्दा नेपाली भलिबलले लामो यात्रा तय गरेको छ । यसको स्वरूप, लोकप्रियता र सम्भावना बदलिएका छन् । धोती लगाएर खेल्ने पुस्ताबाट सुरु भएको यात्रा अहिले अन्तर्राष्ट्रिय पदक र व्यावसायिक फ्रेन्चाइज प्रतियोगितासम्म पुगेको छ ।

नेपाली भलिबलले नयाँ उचाइ हासिल गरे पनि यसको अन्तिम लक्ष्य अझै टाढा छ । सगरमाथाको शिखर चुम्न बाँकी नै छ । आगामी नेतृत्वले त्यसका लागि आवश्यक योजना, लगानी, पूर्वाधार र खेलाडी उत्पादनमा ध्यान दिन सके नेपाली भलिबलको स्वर्णिम यात्रा अझै अघि बढ्न सक्छ ।

कथा



● यज्ञराज जोशी

*म:म खाइरहँदा अनायासै तारूको सम्झना आयो । मेरी गोठकी तारू, जसका लाम्टा चुसेर म हुर्किएकी थिएँ । बाले वर्षौंअघि उसलाई बेचेका थिए । तारूलाई म:म बनाउन टीकापुरको हाटबजारबाट ट्रकमा खाँदेर काठमाडौं ल्याएको थियो । म:म खाँदै जाँदा तारूको सम्झनाले मन पिरोलन थाल्यो । जति खाएँ, उति छातीको धड्कन बढ्यो । वाकवाकी लाग्लाजस्तो भयो ।*

# करुणा




वैशाखको उखरमाउलो गर्मीले टीकापुर तातेको थियो । सारीको सप्कोले निधारको पसिना पुछ्दै आमा रोटी पकाइरहेकी थिइन् । बा पनि अगेनाको छेउमा अर्को चुलोमा दूध तताइरहेका थिए । शब्द बन्द भए पनि बाआमाका आँखाले दिनभरको थकान बोलिरहेका थिए । भैंसीपालन बाको पेसा थियो । त्यही आम्दानीबाट उनले हामीलाई हुर्काएका र पढाएका थिए ।

मलाई जन्म दिएपछि अत्यधिक रक्तस्रावका कारण आमा बित्नुभएको थियो । मलाई बचाउनकै लागि बाले पहिलोपटक भैंसी किनेका थिए रे ! पछि त्यही उनको व्यवसाय बन्यो । आमाको बर्खी सकिएपछि बाले अर्को बिहे गरे ।

सौतेनी आमा कहिल्यै पराई बनिनन् । जन्म दिने आमाको अनुहारसम्म थाहा थिएन । त्यसैले कान्छी आमाको मातृवात्सल्य नै मेरा लागि सबै थोक थियो । आमा म जन्मिँदै बित्नुभएको कुरा जुँगाका रेखी बसेपछि मात्र थाहा पाएको थिएँ ।

मलाई बचाउन बाले किनेको फुर्की भैंसी फापिछ । सात जत्कालसम्म हाम्रो गोठमा बसी । उसले पाँच पाडापाडी जन्माई । दूध बेचेर बाले घरखर्च चलाए । एउटी पाडी घरमै हुर्काए । जवान भएपछि त्यसको नाम कैली राखियो । कैलीले पनि आमाकै गोठमा छ पाडापाडी जन्माई । पछि बाले बुढ्यौली लागेकी कैली बेचेर तारूलाई हुर्काए । तारूले पनि ६ पाडापाडी जन्माई । यसरी फुर्की र उसका सन्तानले हाम्रो परिवारको आर्थिक गर्जो टार्दै गए । दूध दिए, आफू बेचिएर पैसा पनि दिए । हाम्रो घरको खुसी र अभाव दुवैसँग तिनको सम्बन्ध जोडियो ।

कान्छीआमाले मायाको कमी हुन दिइनन् । तर, दूध दिएर मेरो प्राण जोगाउने फुर्कीका सन्तान मलाई औधी प्रिय लाग्थे । तिनको हेराइमै मेरो मन लोलाउँथ्यो । तारू र म त झन् साथीझैं थियौं । म गोठालो जाने भइसक्दा तारू मेरै अगाडि हुर्किएकी थिई ।

म दिउँसो स्कुल जान्थें । बिहानबेलुका कैली र तारूलाई सडककिनारै चराउँदै टीकापुर पार्कछेउसम्म पुग्थें । त्यहाँ मजस्तै अरू गोठाला पनि आउँथे । म साथीहरूसँग रमाउँथें । तारू भने आमाको पछिपछि बुर्कुसी मार्दै खेल्थी । बेला-बेला घाँस चर्थी र झुक्याएर आमाका थुनसम्म मुख पुऱ्याउँथी । कैलीले खुट्टा उठाएर लात्ती हानेझैं गरी उसलाई रोक्थी । दूध चुस्न नपाएपछि तारू फेरि आमाकै अगाडि लागेर चर्न थाल्थी ।

बिहान-बेलुका बाले दूध दुहुँदा तारू मुखमा फिँज आउने गरी कैलीको दूध चुस्थी । दूध मिठो लागेर होला, बेला-बेला जिब्रोसमेत पड्काउँथी । तारूले आमाको दूध चुसिरहेको हेर्न मलाई खुब रमाइलो लाग्थ्यो ।

बाले दूध तताएर सधैं एक कचौरा मलाई दिन्थे । बिहान दूध खान नपाएको दिन मलाई पनि तलतल लागिरहन्थ्यो ।

तारू हुर्केपछि बाले कैली बेचिदिए । अब कैलीको ठाउँमा तारूलाई चराउन थालें । उता तारूका अगाडि पनि उसका सन्तान चर्न थालेका थिए । तिनले लुकीलुकी दूध चुस्न खोज्थे । पहिले कैलीले खुट्टा उठाएझैं तारू पनि प्रतिकार गर्थी । भगवान्को सृष्टि विचित्र छ । समयको बहावसँगै सबैले आफ्नो भूमिका बदल्नैपर्छ ।

समय बित्दै गयो । दाह्रीजुँगाले मेरो अनुहार छोपियो । तारू पनि बुढी भइसकेकी थिई । अब बाले तारू पनि बेच्ने कुरा गरे ।

सानो छँदा बाले भैंसी बेचेको दिन म खुसी हुन्थें । उनको हातमा पैसाको मुठो देख्दा हर्षित हुन्थें । किनकि भैंसी बेचेको दिन बाले मलाई पनि पचास रुपैयाँ दिन्थे । त्यो पैसा समातेर घन्टौं आँगनमा बुर्कुसी मार्थें । पछि पिपलमेट चकलेट किन्न पसलतिर दगुर्थें । पचास रुपैयाँको चकलेटले महिनाभरि पुग्थ्यो । म महिनाभर दंग पर्थें ।

तर यसपटक बाले तारू बेच्ने कुरा गर्दा मन अमिलो भयो । तारूका तीन पुस्ताका लाम्टा चुसेर म पच्चीस वर्षको लक्का जवान भइसकेको थिएँ । आमाको छाती चुस्न पाइनँ, तर बाले मलाई बचाउने यही तारूका सन्तान हुन् भन्दा तिनका चार थुन आमाको छातीतुल्य लाग्थे ।

बाले अगेनाछेउ आमासँग तारू बेच्ने कुरा गरिरहेका थिए । मलाई भने तारूले गोठमा आफ्नी छोरीसँग बाका कुरा सुनेर बिलौना गरिरहेकी होली भन्ने लाग्यो । मन थाम्न नसकेर अगेनाछेउ गएँ ।

'बा, तारूलाई नबेचौं ।'

बा जंगिए, 'भीमलालको ऋण तिर्नै सक्या छैन । तीन वर्ष भयो । वचन लगाइसक्यो । वचनको थैली भर्नुभन्दा बेलैमा ऋण तिरेर साहुको थैली भरिदिनु बुद्धिमानी हुन्छ । आखिर एक दिन तिर्नैपर्छ । अर्कोपटक वचन राख्ने बाटो पनि खुला राख्नुपर्छ । तैंले नबेच् भनेर हुन्छ ? अझै गृहस्थीको झमेला बुझ्ने बेला भएको छैन बाबु !'

बाको बरबराहट रोकिएन । उनले जीवनभर भोगेको दुःख सुनाउन थाले, 'मेरो जीवनमा सुखका आभा स्मृतिमा मात्रै छन् । अभावको भकारी जहिल्यै रित्तो रह्यो । निधारका चिन्ताका रेखा कहिल्यै मेटिएनन् । सानैमा बाले मलाई टुहुरो बनाए । पछि तेरी आमाले एक्लो पारी । मेरो भाग्य पनि दूध नहालेको चियाजस्तै फिक्का रहेछ । न भेटिने गन्तव्य छ, न मेटिने दुःख । यति दुःख गरेर पढाएको तैंले केही इलम गरेर बुढेसकालमा सुखको सास फेराउँछस् कि भन्ने अन्तिम आशा छ ।'

बाका मर्मस्पर्शी शब्दले म गलें । केही बोल्न सकिनँ । तारू बेच्न मन थिएन । फेरि हिम्मत जुटाएर भनें, 'बा, पशुबजारमा नबेचौं । तारू बुढी भइसकी । अब उसलाई पाल्न कसैले किन्दैन । ट्रकमा खाँदेर काट्न काठमाडौं लैजान्छन् । यत्रो वर्ष हामीलाई दूध दिएकी तारूलाई पैसामा बेचेर काट्न पठाउनु पाप हो । बुढेसकालमा पापको भारी नबोक्नू बा ।'

बाले मेरो कुरा सुनेनन् ।

भोलिपल्ट बिहानै टाउकोमा लुंगी बेरेका, हाफपाइन्ट र टिसर्ट लगाएका तीनजना खरिदे आए । तारूको मोलमोलाइ सुरु भयो । बाले पचास हजार मूल्य तोके । खरिदेले बुढी भैंसीमा त्यति मूल्य हालेर नकिन्ने अड्डी कसे ।

मेरा लागि बहुमूल्य तारू मूल्यहीन बन्दै मोलमोलाइमा थिई ।

बा पैंतालिस हजारमा झरे । चालीस र पैंतीस हजारमा झर्दा पनि कुरा मिलेन । अन्त्यमा तीस हजारमा बेचिदिए ।

बा तारू बाँधेको किलाबाट दाम्लो खोल्न गोठ पसे । तारूका आँखा रसाएका थिए । उसले अन्तिमपटक गन्जी लगाएको बाको नांगो पाखुरामा प्रेमपूर्वक चाटी । बाले हरियो घाँस, पानी र कुँडो दिँदा पनि तारू त्यसरी नै चाट्थी । बेचिन लाग्दा पनि उसले आफ्नो प्रेम र धर्म बिर्सिन ।

मचियामा बसेका लालमनी बाजेले भने, 'प्रजापति, अर्को दाम्लोमा बाँधेर दे । नत्र उसलाई बाँधेकै दाम्लोसँग गोठको श्री जान्छ ।'

आमा अर्को दाम्लो खोज्न थालिन् । बाले गोठभित्रैबाट ठाँटीको दाहिने कुनामा भएको नयाँ दाम्लो ल्याउन भने । आमाले जुटको दाम्लो ल्याइदिइन् । बाले त्यही तारूको घाँटीमा डोऱ्याइदिए ।

'दुमो झिकिस् कि नाइँ काइँला ?' लालमनी बाजेले फेरि सोधे । 'म हुस्सु त भुसुक्कै भुलें, काका,' बाले भने ।

तारूको गर्धनका केही रौं उखेलेर हजारीको गर्धनमा राखिदिए । अनि भने, 'मेरो गोठ कहिल्यै रित्तो नहोस् । सधैं तेरै सन्तानबाट यसैगरी फलिफाप भइरहोस् । गोठका किला कहिल्यै खाली नरहून् ।'

तारूले बेला-बेला मेरो, बाको, आमाको र आफ्नी छोरीको मुखमा हेर्दै थिई । उसले त्यसअघि कहिल्यै त्यसरी हेरेकी थिइन । बिहानपख कहिल्यै नबोल्ने तारू त्यस दिन मसिनो र रुन्चे स्वरमा ब्वाइँऽऽ ब्वाइँऽऽ गरिरहेकी थिई । सायद छुट्टिनुपर्ने आभास भइसकेको थियो । गोठकी सानी हजारीका आँसु पनि तप्किरहेका थिए । आमाबाट छुट्टिनुपर्दाको पीडा उसले पनि आवाजमा पोखिरहेकी थिई ।

बाले दाम्लो खरिदेको हातमा थमाइदिए । उनलाई तारूसँग छुट्टिँदाको कुनै पीडा थिएन । मेरो मन भने आगोको भुंग्रोमा परेको थियो । आँखाभरि आँसु थिए । तारूलाई बिदाइको हात हल्लाउन सकिनँ । कोठाभित्र गएर घ्वाँघ्वाँ रुन थालें ।

एक घन्टापछि पनि मन थाम्न सकिनँ । मोटरसाइकल कुदाएर तारू भेट्न टीकापुर पूर्वको पशुबजार पुगें । फलामे किलामा बाँधिएकी तारू वैशाखको बिहानी घाममा जिब्रो निकालेर हपहप गरिरहेकी थिई । मलाई देख्नेबित्तिकै बोल्न खोजेझैं गरी ।

सायद उसलाई म फुकाएर घर लैजान्छु भन्ने आशा थियो । तर मसँग त्यो सामर्थ्य र अधिकार थिएन । छेउमा तीनवटा ट्रक थिए । बूढा, रोगी, खेत जोत्न नसक्ने र दूध दिन छोडेका भैंसीहरू पालैपालो ट्रकमा खाँदिँदै थिए । मेरी मातातुल्य तारूको पनि पालो आयो । वृद्ध शरीरले सजिलै ट्रकमा उक्लिन सकेन । खुट्टा लगलग काँप्न थाले ।

एकजनाले लौरोमा बाँधेको मसिनो डोरीले उसलाई हिर्कायो । तारू थरथर काँपी र सकीनसकी ट्रकभित्र खाँदिई । नाकको डोरी फलाममा कसियो । पुच्छर पनि बाँधेर झुन्ड्याइयो । आफ्नै फाइदाका लागि अबोध प्राणीमाथि क्रूरता भइरहेको थियो । ट्रकलाई पाल र तन्नाले छोपियो । हेर्दाहेर्दै मेरी तारू नारकीय पिँजडाभित्र कैद भइसकेकी थिई ।

ट्रकहरू धुलोधुवाँ उडाउँदै खडक चोकछेउको मूल सडकमा पुगे । मलाई घर जान मन लागेन । तिनै ट्रकको पछिपछि मोटरसाइकल कुदाइरहें । लम्की हुँदै चिसापानी पुगेका ट्रकमा खाँदिएकी तारूलाई कर्णाली पुलबाट अन्तिमपटक हात हल्लाएँ । रुँदै घर फर्किएँ ।

दिन बित्यो, हप्ता बित्यो । तर तारूको सम्झना मनबाट हटेन । एक रात ऊ सपनामा आई र काटिनुपर्दासम्मको व्यथा सुनाउन थाली ।

'सानो मालिक, हामीलाई पनि बाँच्ने इच्छा हुन्छ । हाम्रा पनि सन्तान छन् । हामीभित्र पनि मातृवात्सल्य छचल्किन्छ । तर मानव हृदयमा हामीप्रति अंकुरित प्रेम क्षणिक र स्वार्थले भरिएको हुन्छ । दूध दिँदासम्म हरियो घाँस, कुँडो र पानी दिन्छन् । त्यो सेवाभित्र हामीबाट बढी दूध लिने स्वार्थ मिसिएको हुन्छ । दूध सुकेपछि प्रेम गर्न छोड्छन् । निरस पराल र भुसको भरमा प्राण अड्याउनुपर्छ । फेरि त्यही प्रेम पाउन ब्याउनैपर्छ ।'

'हामी भने मालिकप्रति कुभाव राख्दैनौं । आफ्ना बच्चालाई भरपेट दूध चुसाउन नपाउँदै मालिकको ठेकी दूधले भरिदिन्छौं । उमेर हुँदा दूध, दही, मोही, मख्खन, घिउ र पनिर दिँदैमा हाम्रो जीवन बित्छ ।'

'अब सुन, टीकापुरबाट म रेटिँदासम्मको कथा । हामी ट्रकभित्र खाँदिएका थियौं । बाँधिएको पुच्छर सुन्निएर दुखिरहेको थियो । नाकको डोरीले घाउ बनाएको थियो । शरीर थकाइ र पीडाले गलेको थियो । बाहिरको हावा भित्र पस्न पाउँदैनथ्यो । एक-अर्काको शरीरको ताप र सासको बाफले पसिनाको खोलो बग्थ्यो । बस्दा धेरै ठाउँ ओगटिने भएकाले उभ्याएरै राखिन्थ्यो । हामीलाई बेला-बेला लौरोले हिर्काइन्थ्यो । चौबीस घण्टाको यात्रामा कतै आराम गर्न पाइएन । घाँटी सुक्दा पानी र भोकले छटपटाउँदा घाँसपरालको त्यान्द्रोसमेत दिइएन ।'

'बाटोमा प्रहरीले ट्रक खोलेनन् । हेरे पनि नदेखेझैं गरे । पशु अधिकारकर्मी पनि पैसाको पासोमा परे । बूढो फिर्केले पीडा सहन नसकेर ट्रकमै प्राण त्याग्यो । कष्ट सहेर काठमाडौं पुगेकी म आराम गर्न नपाउँदै बलम्बुको वधशालामा रेटिएँ । त्यसपछि म:मका लागि प्याक भएर काठमाडौंका होटलमा पुगें । म त मेरी आमा गएकै देशमा पुगें, सानो मालिक ! तिमीले म बेचिँदा झारेका आँसु स्वर्गमा सम्झनाको क्यानभासमा सजाएर राखेकी छु ।'

म झल्याँस्स ब्युँझिएँ । निधार र छातीमा पसिनाका थोपा चिसा लागे । तारूको सम्झनाले घाँटी अवरुद्ध भएको थियो । एक अम्खोरा पानी पिएपछि केही शीतल भयो । गोठमा गएँ । तारूकी छोरी हजारी ओगार काढ्दै थिई । एक मुठो घाँस दिएँ । जुरुक्क उठेर उसले घाँस खाई । त्यसपछि मात्रै मन केही हलुका भयो ।

बाले साठी वर्षको उमेर पार गरे । म लोकसेवा उत्तीर्ण गरेर अधिकृत भएँ । उनको सपना पूरा भयो । बाले बुढ्यौलीको ख्याल गर्दै भैंसीपालन त्यागे । पहिले दूध बेच्ने बा अब किनेर खान थाले । तर हाम्रो मनबाट भैंसीप्रतिको प्रेम हटेको थिएन ।

एक दिन कार्यालयको कामले काठमाडौं पुगेको थिएँ । दिनभर सिंहदरबारभित्र डुल्दा साँझ भोकले पेट बटारिएको थियो । अनामनगरस्थित पूर्वीगेटछेउको खाजा पसलमा छिरें । बफ म:मको बासना नाक हुँदै आन्द्रासम्म पुग्यो । मुखमा पानी रसाउन थाल्यो ।

मैले कहिल्यै बफ म:म खाएको थिइनँ । त्यस दिन खान मन लाग्यो ।

'साउनी, एक प्लेट म:म ल्याउनुस् त !'

केहीबेरमै तातो बाफ उडिरहेको म:म आयो । काँटाले घोचेर चटनीमा लपक्क पार्दै खाएँ । चटनी पिरो लागेन ।

'साउनी, पिरो चटनी पनि ल्याइदिनुस् न !'

उनले हातको इसाराले पिरो चटनी राखिएको बट्टा देखाइन् । चटनी मिसाएर अर्को म:म मुखमा राखें ।

तर म:म खाइरहँदा अनायासै तारूको सम्झना आयो । मेरी गोठकी तारू, जसका लाम्टा चुसेर म हुर्किएको थिएँ । बाले वर्षौंअघि उसलाई खरिदेलाई बेचेका थिए । उनीहरूले तारूलाई म:म बनाउन टीकापुरको हाटबजारबाट ट्रकमा खाँदेर काठमाडौं ल्याएका थिए ।

म:म खाँदै जाँदा तारूको सम्झनाले मन पिरोल्न थाल्यो । कतै यो म:म पनि मेरी तारूकै त होइन ? मनमा यही प्रश्न उठिरह्यो । जति खाएँ, उति छातीको धड्कन बढ्यो । वाकवाकी लाग्लाजस्तो भयो । आधा म:म प्लेटमै छोडेर काउन्टरमा पुगें ।

'साउनी, म:मको कति ?'

'एक सय बीस रुपैयाँ भयो बाबु !'

पैसा तिरेर बाहिर निस्किएँ । त्यहाँबाट बस चढेर सिधै सुन्धारास्थित होटलतिर लागें । त्यही दिनदेखि म:मको मोहमा मिसिएको विवेकहीन पशुहिंसा चटक्कै त्यागिदिएँ ।

सोचिरहन्छु-पशुहिंसा मानव चेतनाको संकुचन हो । त्यस हिंसाको सबैभन्दा ठूलो प्रतिरोध करुणाभाव नै हो ।

अनवरत तारू भैंसीलाई सम्झिँदै भावपूर्ण श्रद्धाञ्जली अर्पण गरिरहन्छु ।

**(नवोदित कथाकार यज्ञराज जोशीको शनिबार विमोचन हुने कथासंग्रह 'बैशाखी'बाट ।)**

गा.हु.का.द.नं. ३३/०६९/०७०



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaiy.com
२४ असोज २०८३ शनिबार
10 October 2026 Saturday

# ‘काठमाडौं फिल्म फेस्टिभल’मा १० देशका ४० बढी चलचित्र

**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाले अगामी कात्तिक १३ देखि १५ गतेसम्म ‘काठमाडौं फिल्म फेस्टिभल’ आयोजना गर्ने भएको छ। महानगरपालिकाले शुक्रबार पत्रकार सम्मेलनको आयोजना गर्दै सो जानकारी दिएको हो।

पत्रकार सम्मेलनमा बोल्दै महानगरपालिकाका प्रवक्ता नवीन मानन्धरले फिल्म फेस्टिभलमा विधागत रूपमा विभिन्न १० देशका ४० भन्दा बढी चलचित्र प्रदर्शन गरिने बताए। उनकाअनुसार फिल्म फेस्टिभलका लागि दुई विधामा २७ वटा लघु चलचित्र समेत छनोट भएका छन्।

युथ भिडियो च्यालेन्जअन्तर्गत १२ वटा र नेपाल पानोरमाअन्तर्गत १५ वटा चलचित्र छनोट भएको प्रवक्ता मानन्धरले बताए। युथ भिडियो च्यालेन्जअन्तर्गत ४० वर्षसम्मका युवालाई लक्षित गरी ‘माइ कल्चर, माइ हेरिटेज’ शीर्षकमा पाँच मिनेटसम्मका भिडियो निर्माण गर्न आह्वान गरिएको थियो। यस विधामा ३५ वटा भिडियो प्राप्त भएकामा १२ वटा छनोट भएका हुन्।




त्यस्तै, नेपाल पानोरमाअन्तर्गत खुला वृत्तचित्र, फिक्सन, एनिमेसन तथा प्रयोगात्मक विधाका तीन मिनेटसम्मका भिडियोमध्ये ७५ वटा प्राप्त भएकामा १५ वटा छनोट गरिएको उनले जानकारी दिए।

प्रवक्ता मानन्धरले नेपाल पानोरमाअन्तर्गत खुला भिडियोतर्फ सुरज पौडेलको ‘रिहाना’, सरिता शाहको ‘मानकी’, सुदर्शन योञ्जनको ‘अशुभ अष्टमी’, श्यामबहादुर लिम्बूको ‘डुअर्स आर स्टिल क्लोज्ड’, पूर्णबहादुर गुरुङको ‘अ लेटर इन विन्टर’, लाक्पा छोडेन लामाको ‘होम इज नट अ प्लेस’, राजेशप्रसाद खत्रीको ‘चुम्पा : अ डल अन्डर द बास्केट’, अलिन कट्टेलको ‘साप्सु : अ सोलेम प्रमिस’, आकाश धिमालको ‘नार’ र सर्जुन राईको ‘मरिछा’ छनोट भएको जानकारी दिए।

यस विधाको निर्णायक मण्डलमा चलचित्र विकास बोर्डका पूर्वअध्यक्ष दिनेश डिसी, चलचित्र निर्देशक तथा लेखक प्रकाश सायमी, निर्माता, पटकथा लेखक सम्पदा मल्ल र ‘फिल्म क्रिटिक्स सोसाइटी अफ नेपाल’ लेखक तथा पत्रकार सामीप्यराज तिमिल्सिना थिए।

प्रवक्ता मानन्धरका अनुसार युथ भिडियो च्यालेन्जमा राज दोङको ‘सिग्रेट’, शैलेश हमालको ‘ह्याप्पिनेस’, धृटिका तिवारीको ‘बगैंचा जस्तै सहर’, करन ब्लनको ‘दियो’, दिनेश महर्जनको ‘इन्द्रजात्रा : द विगेस्ट फेस्टिभल अफ काठमाडौं’ सौगात सापकोटाको ‘झिँगु छें (माइ होम)’, नर्जुङ् बुढाथोकीको ‘विहाइण्ड द गड’, केशव सार्कीको ‘अन्तिम यात्रा’, जीवन सुनुवारको ‘भकुण्डे भूत’, क्रिमिन तुलाधरको ‘सचिका : अ थ्रेड द्याद टाइज यु होम’, अनुभव श्रेष्ठको ‘द सोल अफ गुठि’ र सजिल बस्नेतको ‘छं ल्वाः मंसां’ छनोट भएका छन्।

यो भिडियो च्यालेन्जका लागि चलचित्रकर्मी तथा निर्माता अनिल योञ्जन, नाट्य कलाकार तथा पत्रकार बैकुण्ठ भण्डारी, चलचित्रकर्मी तथा प्रशिक्षक प्रसुना डंगोल, युनेस्कोका सञ्चार विज्ञ रबिन राई तथा सहरी योजनाकार तथा सम्पदा संरक्षणकर्मी रीजा जोशी निर्णायक थिए।

उनले युथ भिडियो च्यालेन्जमा उत्कृष्ट हुने पहिलो चलचित्रलाई एक लाख ५० हजार रुपैयाँ, दोस्रोलाई एक लाख रुपैयाँ र तेस्रोलाई ५० हजार रुपैयाँ पुरस्कार प्रदान गरिने बताए। उनले नेपाल पानोरमा विधामा छनोट भएका चलचित्रलाई जनही एक लाख रुपैयाँ प्रोत्साहन पुरस्कार दिइने बताए। प्रवक्ता मानन्धरले फेस्टिभलमा नेपाली पुराना चलचित्रको ‘कुमारी’, ‘के घर के डेरा’ र ‘सिन्दुर’ चलचित्र समेत प्रदर्शन गरिनेछन्। काठमाडौंको मौलिक पहिचान, सम्पदा र रचनात्मक उद्योगको प्रवर्धन गर्नुका साथै स्थानीय कलाकार तथा चलचित्रकर्मीलाई अन्तर्राष्ट्रिय मञ्चसँग जोड्ने उद्देश्यले फेस्टिभल आयोजना गर्न लागिएको समेत प्रवक्ता मानन्धरले बताए।

# पोखरामा गुन्जिँदै विपुल क्षेत्री

**पोखरा/मस–** नेपाली संगीतप्रेमीहरूका लागि चर्चित गायक तथा गीतकार विपुल क्षेत्री पोखरामा प्रत्यक्ष सांगीतिक प्रस्तुति दिने भएका छन्। विपुल क्षेत्री तथा उनको ब्यान्डको प्रस्तुति रहने ‘विपुल क्षेत्री लाइभ इन पोखरा’ आगामी कात्तिक १३ गते शुक्रबार पोखराको लेकसाइडस्थित बाराहीघाट मैदानमा आयोजना हुने भएको हो।



एक्स्ट्रिम इनर्जी ड्रिंक्सको प्रस्तुतिमा हुन लागेको उक्त कार्यक्रम प्रचार नेपाल प्रालिको आयोजनामा हुन लागेको हो। विपुलको नेपाल भ्रमणअन्तर्गत सञ्चालन भइरहेको ‘प्रवाह नेपाल टुर २०२६’ को यो एक महत्वपूर्ण प्रस्तुति हो। उक्त टुरको व्यवस्थापन तथा सञ्चालन ताक्षक इन्टरटेनमेन्ट र प्रोजेक्ट स्टुडियोले गरिरहेका छन्।

कार्यक्रमका लागि प्रारम्भिक चरणका टिकट बिक्री खुला भइसकेका छन्। दर्शकले खल्ती एप तथा अनलाइन प्लेटफर्ममार्फत टिकट खरिद गर्न सक्नेछन्।

पोखरामा सांगीतिक माहोल बनाउने तयारी विपुल क्षेत्री नेपाली समकालीन संगीतमा मौलिक गायन शैली, नेपाली लोकसंगीतको प्रभाव तथा एकुस्टिक संगीतका लागि परिचित छन्। उनका गीतले नेपालसँगै विदेशमा रहेका नेपाली संगीतप्रेमीमाझ समेत लोकप्रियता हासिल गरेका छन्।

कार्यक्रमले पोखराका स्थानीय दर्शकसँगै गण्डकी प्रदेशका विभिन्न जिल्ला तथा अन्य सहरबाट आउने संगीतप्रेमीलाई समेत आकर्षित गर्ने अपेक्षा गरिएको छ। प्रचार नेपालका सञ्चालक आशिष पुरीले पोखरामा गुणस्तरीय प्रत्यक्ष सांगीतिक कार्यक्रम आयोजना गर्ने उद्देश्यले कन्सर्टको तयारी अघि बढाइएको जानकारी दिए।

उनका अनुसार कार्यक्रमलाई व्यवस्थित, सुरक्षित र दर्शकमैत्री बनाउन आवश्यक तयारी गरिनेछ। साथै, यस्ता कार्यक्रमले पोखरालाई सांगीतिक तथा मनोरञ्जनको प्रमुख गन्तव्यका रूपमा स्थापित गर्न र स्थानीय पर्यटन तथा मनोरञ्जन क्षेत्रलाई थप चलायमान बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। कार्यक्रम संयोजक महेश्वरसिंह भण्डारीका अनुसार संगीतसँगै खानाका स्टल र अन्य सांगीतिक प्रस्तुतिहरू कार्यक्रमका थप आकर्षणका रूपमा रहनेछन्। कार्यक्रम स्थलमा खानाका परिकारको स्वाद लिनुका साथै सांगीतिक माहोलमा रमाउन सकिने आयोजकले जनाएको छ।

‘प्रवाह नेपाल टुर २०२६’ अन्तर्गत नेपालका विभिन्न सहरमा प्रस्तुति विपुल क्षेत्रीको नेपाल भ्रमणअन्तर्गत सञ्चालन भइरहेको ‘प्रवाह नेपाल टुर २०२६’ले नेपाली संगीतलाई देशका विभिन्न सहरका दर्शकमाझ प्रत्यक्ष रूपमा पुऱ्याउने लक्ष्य राखेको छ। यस टुरमा विपुल क्षेत्री र उनको ब्यान्डले विभिन्न सहरमा सांगीतिक प्रस्तुति दिने कार्यक्रम छ।

टुरको व्यवस्थापन गरिरहेको ताक्षक इन्टरटेनमेन्टका निर्देशक सुमन भट्टराईका अनुसार प्रवाह नेपाल टुरमार्फत देशका विभिन्न सहरका दर्शकसँग प्रत्यक्ष सांगीतिक सम्बन्ध स्थापित गर्ने उद्देश्य राखिएको छ। उनका अनुसार नेपाली संगीतको प्रवर्धन, प्रत्यक्ष सांगीतिक कार्यक्रमको संस्कृति विकास तथा नेपाली कलाकारका प्रस्तुतिलाई थप दर्शकमाझ पुऱ्याउन यस्ता टुर महत्वपूर्ण छन्।

पोखराको कार्यक्रम यसै टुरअन्तर्गत आयोजना हुन लागेको हो। ताक्षक इन्टरटेनमेन्ट र प्रोजेक्ट स्टुडियोको टुर व्यवस्थापन तथा प्रचार नेपालको स्थानीय आयोजनाले कार्यक्रमलाई व्यवस्थित रूपमा सञ्चालन गर्न सहयोग गर्ने अपेक्षा गरिएको छ।

दर्शकको सुविधाका लागि विभिन्न श्रेणीका टिकटको व्यवस्था गरिएको छ। जनरल, गोल्ड सर्कल र भिआइपी गरी तीन श्रेणीमा टिकट काट्न सकिनेछ।

पोखराको पर्यटन तथा मनोरञ्जन क्षेत्रलाई सहयोग पुग्ने अपेक्षा पोखरा नेपालको प्रमुख पर्यटकीय सहरमध्ये एक हो। यहाँको लेकसाइड क्षेत्र पर्यटन, होटल, रेस्टुरेन्ट तथा मनोरञ्जन गतिविधिका लागि परिचित छ। यस्ता सांगीतिक कार्यक्रमले स्थानीय दर्शकलाई मनोरञ्जन प्रदान गर्नुका साथै अन्य सहरबाट आउने आगन्तुकलाई आकर्षित गर्न सक्ने अपेक्षा गरिएको छ।

# ‘बाः एक योद्धा’लाई मोफसलमा पनि दर्शकको साथ

**काठमाडौं/मस–** तेस्रो हप्तामा प्रदर्शन भइरहेको चलचित्र ‘बा : एक योद्धा’ले बलियो वर्ड अफ माउथका कारण आफ्नो रफ्तारलाई कायम राखेको छ। दर्शकले घरघरको कथा भन्दै हेर्नै पर्ने सिनेमा भएको प्रतिक्रिया दिएपछि चलचित्र तेस्रो हप्तामा प्रदर्शन भइरहेको छ।

कलाकार र निर्देशकसहितको निर्माण टिम पनि मोफसलका दर्शकलाई भेटेर काठमाडौं फर्किएको छ। हटौंडा, चितवन, नेपालगन्ज, वीरगन्ज, सुर्खेत, दाङ, पोखरालगायत देशका विभिन्न ठुला सहरका हलमा पुगेर दर्शक भेटेर निर्माण टोली काठमाडौं फर्किएको छ।



‘हामीलाई काठमाडौंमा जस्तै मोफसलका दर्शकले पनि साथ दिनुभयो। हेर्नै पर्ने सिनेमा भनेर दर्शकले प्रतिक्रिया दिनु भएको छ,’ निर्देशक हरि लम्सालले भने, ‘दर्शकको साथ र मायाले हामी अहिले तेस्रो सातामा प्रदर्शन भइरहेको छ।’ चलचित्र ‘बाः एक योद्धा’ले दश दिनमा करिब एक करोड ९३ लाख ६ हजार ४६५ रुपैयाँ ग्रसकलेक्सन गरेको थियो।

चलचित्रको कथा नेपाली समाजमा सन्तानको भविष्यका लागि बाबुले गर्ने त्याग, संघर्ष र जीवनभर झेल्ने चुनौतीमा केन्द्रित छ। सन्तानको इच्छा पूरा गर्न आमाबाबुले गर्ने संघर्षदेखि वृद्ध अवस्थामा उनीहरूले पाउने उपेक्षा र दुःखसम्मका विषयलाई चलचित्रले कथाको केन्द्रमा राखेको छ।

चलचित्रमा दिव्यदेव, झरना थापा, सुहाना थापा, माओत्से गुरुङ, अनिल बुढाथोकी, सागर खनाल, शिशिर सिवाकोटी, सुप्रज्ञा शर्मा र शवि थापालगायतका कलाकारको अभिनय रहेको छ।

हरि लम्सालको लेखन तथा निर्देशनमा बनेको चलचित्र ‘बाः एक योद्धा’ आर्टिस्टिक इन्टरटेनमेन्टको ब्यानरमा निर्माण भएको हो। चलचित्रको कथा तथा पटकथा पनि निर्देशक लम्सालकै रहेको छ। चलचित्रका निर्माता वसन्त लम्साल हुन् भने अनिल बुढाथोकी कार्यकारी निर्माता रहेका छन्। अर्जुन पौडेल लाइन प्रोड्युसर तथा कृष्ण काफ्ले सह-निर्माताका रूपमा छन्।

# एन्फा अध्यक्ष नेम्वाङ र महासचिव राईलाई पक्राउ गर्न अदालतको आदेश

**काठमाडौं/मस–** अखिल नेपाल फुटबल संघ (एन्फा)मा भएको भनिएको आर्थिक अनियमितता, खेल मिलेमतो र फिफा विश्वकपका टिकटको कारोबारसँग सम्बन्धित प्रकरणमा एन्फाका अध्यक्ष पंकजविक्रम नेम्वाङ र महासचिव किरण राईविरुद्ध पक्राउ पुर्जी जारी गर्न ललितपुर जिल्ला अदालतले आदेश दिएको छ। अदालतले यही प्रकरणमा पक्राउ परेका एन्फाका कोषाध्यक्ष रवीन्द्र जोशी र लेखा अधिकृत सञ्जीव पाण्डेलाई भने धरौटीमा छाड्न आदेश दिएको छ।




ललितपुर जिल्ला अदालतका न्यायाधीश भगवती शर्मा ढुंगानाको इजलासले अध्यक्ष नेम्वाङ र महासचिव राईलाई पक्राउ गर्न पुर्जी जारी गर्ने आदेश दिएको हो। अदालतका सूचना अधिकारी टीकाध्वज कार्कीले दुवै पदाधिकारीविरुद्ध पक्राउ पुर्जी जारी गर्न आदेश भएको जानकारी दिएका छन्।

अदालतको आदेशअनुसार पक्राउ परेका कोषाध्यक्ष जोशीलाई १५ लाख रुपैयाँ र लेखा अधिकृत पाण्डेलाई १२ लाख रुपैयाँ धरौटीमा रिहा गर्न भनिएको छ। दुवै जनालाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले केही दिनअघि पक्राउ गरेको थियो।

सिआइबीले एन्फामा भएको भनिएको आर्थिक अनियमितता, खेल मिलेमतो र अन्य आर्थिक कारोबारसम्बन्धी विषयमा अनुसन्धान गरी प्रतिवेदन बुझाएपछि जिल्ला सरकारी वकिल कार्यालय ललितपुरले बिहीबार चार जनाविरुद्ध जिल्ला अदालतमा अभियोगपत्र दायर गरेको थियो। अभियोगपत्रमा एन्फाका अध्यक्ष नेम्वाङ, महासचिव राई, कोषाध्यक्ष जोशी र लेखा अधिकृत पाण्डेलाई प्रतिवादी बनाइएको छ।

प्रतिवादीमध्ये जोशी र पाण्डे प्रहरी हिरासतमा रहेका बेला अध्यक्ष नेम्वाङ र महासचिव राई सम्पर्कमा नरहेको तथा फरार रहेको अभियोगपत्रमा उल्लेख छ। सरकारी वकिल कार्यालयले उनीहरूविरुद्ध पक्राउ तथा अदालतमा उपस्थित गराउने प्रक्रिया अघि बढाउन माग गरेको थियो। अदालतको पछिल्लो आदेशसँगै दुवै पदाधिकारीलाई पक्राउ गर्ने बाटो खुलेको छ।

सरकारी वकिल कार्यालयले दायर गरेको अभियोगपत्रमा एन्फासँग सम्बन्धित आर्थिक कारोबार, खेल सामग्री खरिद प्रक्रिया, प्रायोजन रकम र अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिताका टिकट वितरणमा अनियमितता भएको आरोप लगाइएको छ। त्यस्तै, फिफा विश्वकप २०२६ तथा एएफसी एसियन कप छनोटअन्तर्गत नेपाल र बहराइनबीच हुनुपर्ने खेलको आयोजना स्थल परिवर्तन गरिएको विषयलाई पनि अभियोगको आधार बनाइएको छ।

अभियोगपत्रअनुसार प्रतिवादीहरूविरुद्ध कुल ९३ लाख ९०० रुपैयाँ बिगो कायम गरिएको छ। सरकारी पक्षले उक्त रकम बराबरको क्षतिपूर्ति भराउन तथा सम्बन्धित कानुनअनुसार सजाय गर्न माग गरेको छ।

सिआइबीको अनुसन्धानका आधारमा तयार पारिएको अभियोगपत्रमा एन्फाको संस्थागत रकम व्यक्तिगत रूपमा लिएको, संस्थाको खातामा जम्मा हुनुपर्ने रकम अन्यत्र प्रयोग गरेको तथा खरिद प्रक्रियामा निर्धारित नियम पालना नगरेको आरोप समेटिएको छ।

अभियोगपत्रमा समेटिएको प्रमुख विषयमध्ये सन् २०२४ मार्च २१ मा काठमाडौंको दशरथ रंगशालामा आयोजना हुनुपर्ने नेपाल र बहराइनबीचको खेल बहराइनमा सारिएको प्रकरण पनि एक हो।

फिफा विश्वकप २०२६ तथा एएफसी एसियन कप छनोटअन्तर्गतको उक्त खेल नेपालमै हुनुपर्ने भए पनि नियतवश बहराइनमा सारिएको सरकारी पक्षको आरोप छ। खेल आयोजना स्थल परिवर्तन भएपछि बहराइन फुटबल संघबाट टिकट बिक्रीबापत एन्फाले प्राप्त गर्नुपर्ने २० हजार अमेरिकी डलर संस्थाको बैंक खातामा दाखिला नगरी अपचलन गरिएको अभियोगपत्रमा उल्लेख छ।

एन्फामाथि लागेको अर्को आरोप सन् २०२६ को फिफा विश्वकपका लागि उपलब्ध गराइएका टिकटको वितरण र बिक्रीसँग सम्बन्धित छ। अभियोगपत्रअनुसार फिफाले एन्फालाई उपलब्ध गराएको ३३० थान अनलाइन टिकट पारदर्शी ढंगले वितरण नगरी कालोबजारी तथा व्यक्तिगत रूपमा किनबेच गरिएको आरोप छ। टिकट वितरण गर्दा संस्थागत प्रक्रिया, पारदर्शिता र जवाफदेहिताको पालना नभएको सरकारी पक्षको दाबी छ।

सरकारी वकिल कार्यालयले चारै जना प्रतिवादीविरुद्ध राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ र मुलुकी अपराध संहिता, २०७४ अन्तर्गतका कसुरमा सजाय माग गरेको छ।

अभियोगपत्रमा राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ३१ मा परिभाषित खेलमा मिलेमतो तथा अनियमिततासम्बन्धी कसुर गरेको आरोप लगाइएको छ। उक्त ऐनको दफा ३२ को खण्ड (ग) बमोजिमको कसुरमा दफा ३३ को खण्ड (ग) अनुसार सजाय हुनुपर्ने माग गरिएको छ।

त्यस्तै, प्रतिवादीहरूले मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा (१) र (२) मा परिभाषित ठगीसम्बन्धी कसुर गरेको दाबी गर्दै उपदफा (३) को खण्ड (क) बमोजिम सजाय गर्न माग गरिएको छ।

खेल मिलेमतो, ठगी तथा आर्थिक अनियमिततासम्बन्धी आरोपले नेपाली फुटबलको प्रशासनिक व्यवस्थापन र वित्तीय पारदर्शिताबारे गम्भीर प्रश्न उठाएको छ।

**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
**Shangri-la Development Bank Ltd.**
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालयः
बालुवाटार, काठमाडौं
फोन नं.: ०१-४५२१८६१/६२/६३

**कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना**

सूचना प्रकाशित मितिः २०८३/०६/२४ गतेको मध्यान्ह राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट तपसिलका ऋणीहरुले यस डेभलपमेन्ट बैंकको तपसिलका शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचीत गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र उक्त समय भित्र तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको चल अचल जायजेथा सम्पत्ति रोका राखी कानूनी प्रक्रिया अपनाई असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई कालोसुचीमा समेत सुचीकृत गरी आवश्यक कानूनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचीत गरिन्छ।

**तपसिल**

| ऋणीको विवरण | जमानतकर्ताको विवरण |
|---|---|
| **१) ऋणी : सन्तोष कुमार श्रेष्ठ**<br>बाबुको नाम : ज्ञान बहादुर श्रेष्ठ<br>बाजेको नाम : इन्द्र वहादुर श्रेष्ठ<br>ठेगाना : थलाहा-०९, मोरङ्ग<br>हाल : कटहरी-०६, मोरङ्ग<br>ना.प्र.नं.: ०५-०१-७०-१६४७७<br>जारी गर्ने कार्यालय : जि.प्र.का., मोरङ्ग<br>जारी मिति : २०७०/०४/१०<br>**कर्जा लिएको शाखा : टंकीसिनुवारी, मोरङ्ग** | **ख) नाम : भिम कुमारी श्रेष्ठ**<br>पतिको नाम : ज्ञान बहादुर श्रेष्ठ<br>ससुरको नाम : इन्द्र बहादुर श्रेष्ठ<br>ठेगाना : थलाहा-०९, मोरङ्ग<br>हाल : कटहरी-०६, मोरङ्ग<br>ना.प्र.नं.: ४४०/५०६<br>जारी गर्ने कार्यालय : जि.का., मोरङ्ग<br>जारी मिति : २०४६/०१/२६ |
| **जमानतकर्ताको विवरण**<br>**क) नाम : ज्ञान बहादुर श्रेष्ठ**<br>बाबुको नाम : इन्द्र वहादुर श्रेष्ठ<br>बाजेको नाम : शेर बहादुर श्रेष्ठ<br>ठेगाना : थलाहा-०९, मोरङ्ग<br>हाल : कटहरी-०६, मोरङ्ग<br>ना.प्र.नं.: २३१७<br>जारी गर्ने कार्यालय : जि.प्र.का., मोरङ्ग<br>जारी मिति : २०३७/०८/०२ | **ग) नाम : सुवास श्रेष्ठ**<br>बाबुको नाम : ज्ञान ब. श्रेष्ठ<br>बाजेको नाम : इन्द्र वहादुर श्रेष्ठ<br>ठेगाना : थलाहा-०९, मोरङ्ग<br>हाल : कटहरी-०६, मोरङ्ग<br>ना.प्र.नं.: ०५१०२३/१९१<br>जारी गर्ने कार्यालय : जि.प्र.का., मोरङ्ग<br>जारी मिति : २०६७/०८/१३ |
| **ऋणीको विवरण** | **जमानतकर्ताको विवरण** |
| **२) ऋणी : ज्योती यादव**<br>बाबुको नाम : रामनाथ प्रसाद यादव<br>बाजेको नाम : भुवर रावत<br>ठेगाना : महागढिमाई -०५, बारा<br>हाल : बिरगंज-१३, पर्सा<br>ना.प्र.नं.: ३३-०१-७७-०३८३४<br>जारी गर्ने कार्यालय : जि.प्र.का., बारा<br>जारी मिति : २०७७/०७/१७<br>**कर्जा लिएको शाखा : न्युरोड, काठमाडौं** | **क) नाम : प्रदिप प्रसाद साह**<br>बाबुको नाम : नन्दु साह कलवार<br>बाजेको नाम : नथुनी साह<br>ठेगाना : कलैया-०१, बारा<br>ना.प्र.नं.: २३५/०७९६<br>जारी गर्ने कार्यालय : जि.प्र.का., बारा<br>जारी मिति : २०५२/०६/२९ |

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: मदनकुमार श्रेष्ठ सम्पादक: जनक नेपाल